## परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

बालबालिकाको सर्वाङ्गीण विकासको लागि आवश्यक विभिन्न ज्ञान सीप र अनुभवको विस्तृत कार्ययोजनाको आधार पाठ्यक्रम हो । जसमा के पढाउने ? कति पढाउने ? कुन शिक्षण विधि प्रयोग गर्ने, के के शैक्षिक सामग्री प्रयोग गर्ने ? कसरी मुल्याङ्कन गर्ने जस्ता सम्पूर्ण पक्ष समावेश गरिने हुँदा पाठ्यक्रम समग्र शैक्षिक कार्यक्रमको मेरुदण्ड हो (शिक्षा पत्रिका, २०६८) ।

शिक्षण सिकाइलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सहयोग गर्ने पूर्व निर्धारित योजनालाई पाठ्यक्रम भनिन्छ । जस अन्तर्गत बालकले हासिल गर्नु पर्ने अनुभव, शिक्षकले गर्नु गराउनु पर्ने क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया समेत उल्लेख गरिएको हुन्छ (वाग्ले र पौडेल, २०५७) । उल्लेखित परिभाषाले पाठ्यक्रमलाई एउटा योजनाको रूपमा मात्र अर्थ्याएको हुँदा यसले पाठ्यक्रमको दायरालाई सिमित बनाएको छ । पाठ्यक्रमलाई विभिन्न विद्वान, शिक्षा योजना तथा आयोगहरुले फरक फरक ढंगबाट परिभाषित गरे पनि समग्रमा संकुचित रूपमा पाठ्यक्रमलाई विषय वस्तु वा पाठ्यासंको रूपमा तथा व्यापक रूपमा विद्यार्थीले विद्यालय भित्र वा बाहिर प्राप्त गर्ने अुनभवको रूपमा परिभाषित गर्न सकिन्छ । शिकाइ अनुभव प्राप्त गर्ने क्रियाकलाप नै प्रमुख रहन्छ रा.शि.प.यो., २०२८ ले शिक्षाको लक्ष्य हासिल गर्न बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनेको छ ।

उक्त परिभाषाले पाठ्यक्रमलाई एक कार्यक्रमको रूपमा उल्लेख गरेको छ कार्यक्रममा लगानी, प्रक्रिया र उत्पादन हुन्छ । जसमा पनि कार्यक्रमको प्रक्रिया रहन्छ । पाठ्यक्रमको प्रक्रिया भन्नाले कार्यान्वयन पक्षमा जोड दिएको देखिन्छ ।

योजनाबद्ध रुपमा शिक्षाको विकास तथा सुधार गर्न वि.सं. २०१० मा गठन भएको नेपाल राष्ट्रिय शिक्षा योजना आयोग तथा वि.सं. २०१८ मा गठन भएको सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितीको सुझाव प्रतिवेदनमा माध्यमिक तहमा विभिन्न अनिवार्य र ऐच्छिक विषयको सिफारिस गरे पनि त्यस्ता विषयको पाठ्यक्रमका सम्पूर्ण समावेश भएको औपचारिक पाठ्यक्रम बनेको पाइन्दैन । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू हुनु पूर्व पाठ्यविषयको सूचि मात्र तयार पार्ने गरेको पाइन्छ (श्रेष्ठ, २०६४) । रा.शि.प.यो. सँगै वि.सं. २०२८ मा शिक्षामन्त्रालय अन्तरगत स्थापना भएको "पाठ्यक्रम विकास केन्द्र" ले विद्यालय तहमा नेपालमै औपचारिक रुपमा पाठ्यक्रम निर्माण गरी लागू गरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भए पछि स्थापित पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहको सबै कक्षाको पाठ्यक्रम निर्माण गर्ने कार्यको नेतृत्व लिएको छ । अतः सोहि निकाय बाट पाठ्यक्रमका सबै अंग समावेश भएका विद्यालयको पाठ्यक्रम तयार पारि देश भरका विद्यालयबाट दिइने शिक्षामा एकरुपता ल्याउने कार्यको थालनी भएको थियो (श्रेष्ठ, २०६४) । पाठ्यक्रम विकास केन्द्रले निर्माण गरी

लागू गरेको पाठ्यक्रमलाई पाठ्यक्रम कार्यान्वयन योजना २०३८ तथा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ अनुसार परिमार्जन तथा परिवर्तन गरी कार्यान्वयन गरीएको थियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले दिएको सुझाव अनुसार वि.सं. २०५६ मा माध्यमिक तहको पाठ्यक्रम परिमार्जन गरी कार्यन्वयन गरीदै आएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले परिमार्जन गरेको पाठ्यक्रम तथा विद्यालय संरचना पूर्ण रुपमा लागू भइसकेको छैन ।

थापा २०६३ले आफ्नो शोधपत्रमा उल्लेख गरेअनुसार विश्वमा जनसंख्या शिक्षाको औपचारिक सुरुवात सन १९३५ वाट स्विडेनमा जनसंख्या शिक्षा आयोग स्थापना भएपछि मात्र सूरु भएको हो । नेपालमा सन १९८० देखि UNFPA (United Nations Found for Population Activities) र UNESCO (United Nations Educational, Scientific and Cultural Organization) को आर्थिक सहयोगमा शिक्षामन्त्रालय मार्फत जनसंख्या शिक्षा परियोजना शिक्षाको सूरुवात भयो र सन १९८१ वाट मात्र विभिन्न विषयका पाठ्यक्रममा जनसंख्या शिक्षाका धारणाहरु समावेश गर्ने प्रयासहरु प्रारम्भ भएको पाइन्छ (जनसंख्या शिक्षा स्रोत पुस्तक २०५३) हाल विभिन्न विद्यालय विश्वविद्यालयमा जनसंख्या शिक्षाको अलग्गै पाठ्यक्रम तयारपारि शिक्षणसिकाइ कार्य सञ्चालन हुदैआएको छ ।

पाठ्यक्रम विकास केन्द्रले निर्माण तथा परिमार्जन गरेको पाठ्यक्रम कक्षाकोठामा लागु गर्नु नै पाठ्यक्रम कार्यान्वयन हो । अर्को शब्दमा भन्दा निर्धारित लक्ष प्राप्तिका लागि पाठ्यक्रमलाई व्यवहारिक रुपबाट विद्यालय अभ्यासमा प्रयोगमा ल्याउनु नै पाठ्यक्रम कार्यान्वयन हो (भट्ट, २०६७) । पाठ्यक्रम कार्यान्वयनले विद्यार्थीको ज्ञान कार्यशैली र प्रवृतिलाई सकारात्मक दिशातर्फ निर्देशित गर्दछ । पाठ्यक्रम जुन उद्देश्य र मर्मका साथ निर्माण गरीएको छ सोही अनुरुप नै वास्तविक कार्यान्वयन हुनुपर्छ नत्र यसले अपेक्षित उपलब्धि हासिल गर्न सक्दैन ।

पाठ्यक्रमका विभिन्न ढाँचा मध्ये समस्या केन्द्रित ढाँचाले सिकारुको व्यक्तिगत आवश्यकता र चाहनालाई भन्दा पनि सामाजिक आवश्यकता र चाहनाको प्रतिनिधित्व गर्ने प्रयास गर्दछ । सिकारुलाई गुणस्तरीय जिवन व्यतित गर्न जीवनमा देखिने साझा प्रकृतिका समस्या समाधान गर्न आवश्यक ज्ञान सीप प्रदान गरी व्यवहारिक जीवनका समस्या समाधान गर्न सहयोग पुऱ्याउँछ (निउरे, २०६८) । नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०१० र सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले माध्यमिक तहका लागि विभिन्न अनिवार्य तथा ऐच्छिक विषयको सिफारिस गरे पनि त्यसमा स्वास्थ्य जनसंख्या तथा वातावरण क्षेत्रका विषयवस्तु समावेश भएका छैनन् । उक्त विषयवस्तु बारे माध्यमिक तहका विद्यार्थीलाई ज्ञान, सीप, र धारणा दिनु पर्छ भन्ने आवश्यकता महशुस गर्न नसकेको पाइन्छ । समयको क्रमिक जटिलता बृद्धि सँगै मानविय स्वास्थ्य समस्या, उच्च जनसंख्या वृद्धि तथा वातावरणीय असन्तुलन जस्ता समस्याको समाधान गर्न विद्यालय तहबाट नै स्वास्थ्य जनसंख्या तथा वातावरण क्षेत्रका ज्ञान सीप धारणा बालबालिकामा हासिल गराउनु पर्ने आवश्यकताको महशुस गरि सन् १९८१ बाट मात्र विभिन्न विषयको पाठ्यक्रममा जनसंख्या शिक्षाको धारणा दिने विषयवस्तु समावेश गरी नेपालमा उक्त विषयको पठन पाठन गर्ने कार्यको थालनी भएको छ ।

विश्वव्यापी रुपमा विद्यमान जल्दोबल्दो समस्याको रुपमा रहेको उच्च जनसंख्या वृद्धि, बसाइसरकाइ, बालमृत्यु दर, शिशु मृत्युदर, वातावरणीय असन्तुलन जस्ता सामाजिक समस्याका विषयवस्तु समावेश गरी स्वास्थ्य, जनसंख्या, वातावरण र विकास बीचको अन्तरसम्बन्धको बारेमा विद्यार्थीमा आवश्यक ज्ञान सीप र अभिवृत्ति विकास गराउन निर्माण गरिएको माध्यमिक तहको स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा समस्या केन्द्रित पाठ्यक्रमको ढाँचामा तयार पारिएको एकिकृत पाठ्यक्रम हो (CERID, 1982) शिक्षाले राष्ट्रिय समस्या प्रति मात्र सचेत युवायुवती तयार पार्ने होइन कि समस्या सँग जुध्न सक्ने सक्रिय जनशक्ति उत्पादन गर्न आवश्यक मात्रामा जनसंख्याको नियन्त्रण र विकास गर्न शिक्षा प्रदान गर्नु पर्ने आवश्यकता बमोजिम शैक्षिक कार्यक्रममा प्रमुख प्राथमिकताका साथ जनसंख्या तथा वातावरणीय चासोका विषय समावेश गरिएको हो (विष्ट, २०६०) । शैक्षिक विकासका निम्ति गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ मा पेश गरेको पाठ्यक्रम संरचनामा सुधार तथा परिमार्जन गर्दै उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ ले गरेको सिफारिस अनुसार स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा विषयलाई अनिवार्य विषयको रुपमा समावेश गर्नु पर्ने व्यवस्था गरे अनुरुप नै माध्यमिक शिक्षामा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा छुट्टै १०० पूर्णाङ्कको विषय निर्धारण गरी अनिवार्य विषयको रुपमा वि.सं. २०५६ बाट मात्र अध्ययन अध्यापन हुँदै आएको छ । यस अघि उक्त विषय ऐच्छिक विषयको रुपमा अध्ययन अध्यापन हुँदै आएको थियो ।

पाठ्यक्रमलाइ परिमार्जन र सुधार गरी समयसापेक्ष वनाउन वि.स.२०६४ मा यस विषयको पाठ्यक्रम प्रथम पटक परिमार्जन गरी शैक्षिक सत्र २०६५वाट लागु हुनेगरि स्विकृत भएको छ र हाल सोहि परिमार्जित पाठ्यक्रम अनुरुपनै पठनपाठन हुदैआएको छ ।यस विषयको पठनपाठन वाट मुलत स्वास्थ्य, जनसंख्या,वातावरण र विकास बिचको अन्तरसम्वन्धको वारेमा विद्यार्थीलाइ आवश्यक ज्ञान सीप र अभिवृति विकास गराउने उद्देश्य लिएको छ यस वाट विद्यार्थीका आवश्यक्ता तथा सामाजिक मूल्य र मान्यता प्रति सकारात्मक सोचको विकास भइ विवेकपूण निणय लिनसक्ने क्षमताको विकास हुने अपेक्षा गरीएको छ । जसका निम्ति माध्यमिक तह उत्तीर्ण गरे पछि विद्यार्थीहरु स्वास्थ्य जनसंख्या तथा वातावरण क्षेत्रका निम्न लिखित कार्य गर्न सक्षम हुनेछन् भनि उक्त विषयका साधारण उद्देश्यहरु निम्नानुसारका निर्धारण गरिएको छ ।

क. स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाका अवधारणाहरु मनन गरि तिनका विभिन्न पक्षको आपसी सम्बन्धको व्याख्या गर्न ।

ख. स्वास्थ्य जनसंख्या तथा वातावरण सम्बन्धि स्थिति र समस्याहरु पहिचान गर्न ।

ग. स्वास्थ्य जनसंख्या तथा वातावरण सँग सम्बन्धित समस्याहरु समाधानका उपायहरु पहिचान गरि उचित व्यवस्थापनका लागि व्यवहारमा परिवर्तन ल्याउने ।

घ. किशोर अवस्था यौन तथा प्रजनन स्वास्थ्य एवं प्रजनन अधिकारको परिचय दिन र तदअनुरुप व्यवहार अपनाउन ।

ङ वातावरणीय स्वास्थ्यको परिचय दिइ प्रदुषणका स्रोत कारण एवं असर पहिचान गर्न र तिनबाट स्वास्थ्यमा हुने हानि व्यवस्थापनका उपायहरु अपनाउन ।

माथि उल्लेखीत साधारण उद्देश्यका अतिरिक्त उच्च जनसंख्या वृद्धि र जनसंख्या वृद्धिका कारण प्रति सचेत रहने, मानविय स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य एवं वातावरणीय स्वास्थ्य व्यवहार तत्काल हासिल गराउने गरी कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको निम्नअनुसारको विशिष्ट उद्देश्य निर्धारण गरीएको छ ।

स्रोतःमाध्यमिक शिक्षा पाठ्यक्रम २०६४भाग १

क. स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको अवधाराणा अवगत गरी यसका विभिन्न पक्षको व्याख्या गर्न ।

ख. परिवार र पारिवारिक जिवन शिक्षाको परिचय दिइ यसका विभिन्न पक्षहरुको वर्णन गर्न ।

ग. जनसंख्या परिवर्तनका कारणहरु पहिल्याउन, जनसंख्या बृद्धि बाट हुने असर तथा व्यवस्थापनका उपायहरुको व्यख्या गर्न ।

घ. मानिस र प्राकृतिक श्रोत बीचको अन्तरसम्बन्ध विश्लेषण गरि तिनको व्याख्या गर्न ।

ङ वातावरणीय स्वास्थ्यको परिचय दिइ प्रदुषणका श्रोत, कारण एवं असरहरु पहिचान गर्न र तिनबाट स्वास्थ्यमा हुने हानि व्यवस्थापनका उपायहरु अवलम्बन गर्न ।

च. पृथ्वीको स्याहारमा मानिसको भूमिका पहिल्याइ संरक्षणका उपायहरु अवलम्वन गर्न ।

छ. किशोरवस्था, यौन तथा प्रजनन स्वास्थ्य एवं प्रजनन अधिकारको परिचय दिन र तदअनुरुपको व्यवहार अपनाउन ।

ज. उपभोक्ता स्वास्थ्यको अवधारणा दिइ यसको हेरचाह र संरक्षणात्मक पक्षहरुको वर्णन गर्न ।

झ. प्राथमिक स्वास्थ्य हेरचाह र सुरक्षा शिक्षाको परिचय दिइ प्राथमिक उपचारको उपायहरु अपनाउन ।

स्रोतःमाध्यमिक शिक्षा पाठ्यक्रम २०६४भाग १

पाठ्यक्रमको वास्तविक कार्यन्वयन भएमा मात्र त्यस बाट आशा गरीएको शैक्षिक उद्देश्य प्राप्त गर्न सकिन्छ । जसका लागि पाठ्यक्रमले निर्धारण गरेको क्रियाकलाप, विधि, सामग्री तथा भौतिक पुर्वाधारको उपयुक्त व्यवस्थापन गर्न सकेमा मात्र पाठ्यक्रमको वास्तविक कार्यन्वयन गर्ने प्रयास सफल हुन्छ । माध्यमिक तहमा समावेश भएको स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यन्वयन गर्न आवश्यक न्यूनतम भौतिक पुर्वाधार विद्यालयमा उपलब्ध छन वा छैनन ? शिक्षण सिकाइको लागि प्रस्तावित विधि र  क्रियाकलाप प्रयोग भएको छ कि छैन ? पाठ्यक्रमको कार्यन्वयन गर्न सुधार गर्नु पर्ने पक्ष के के छन ? जस्ता पक्षमा खोजी गरी पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास

नमूना सँग सम्बन्धित गराएर माध्यमिक तहको स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गरी यो शोध पतिवेदन तयार गरीएको छ ।

## १.२ अध्ययनको औचित्य

तिव्र जनसंख्या वृद्धिको समस्या भोग्नु परेको नेपाल जस्तो विकासन्मुख देशमा छोराको मोह, छोरीको चाँडो विवाह,परिवार नियोजनका साधनको प्रयोग विरुद्धको धारणा जस्ता सामाजिक, सास्कृतिक,धार्मिक धारणामा परिवर्तन नल्याएसम्म जनसंख्या वृद्धिलाइ नियन्त्रण गर्न चुौतिपूण देखिन्छ । यद्यपि यी धारणालाइ झट्ट परिवर्तन गर्न सकिदैन किनभने यिनै धारणाको आधारमा नै सामाजिक चालचलन वनेका हुन्छन । तसर्थ उल्लेखित सामाजिक नकारात्मक धारणाको स्थायी परिवर्तन गर्ने सम्वाहकको रुपमा रहेका विद्यालय तहका विद्यार्थीलाइ जनसंख्या स्थिति, जनसंख्या वृद्धिवाट पर्ने प्रभाव, वातावरणीय समस्या, यौन तथा पारिवारिक जिवन शिक्षा वारे ज्ञान सिप धारणा प्रदान गरेर उनिहरुमा गुणस्तरीय जीवन व्यतित गर्ने ज्ञान सिप, मूल्य, सोचाइ तथा व्यवहारको विकास गराउन जनसंख्या शिक्षा आवश्यक देखिन्छ । यसका लागि विद्यार्थीमा निश्चित परिवर्तन ल्याउने उद्देश्य, व्यक्ति र समाजका आवश्यकता पुरागर्ने शिक्षणसिकाईको गुणात्मक अनुभव हासिल गराउने शिक्षण विधि, उपयुक्त शैक्षिक सामग्रीको चयन तथा उपयुक्त मूल्याङ्कन विधि निर्धारण गर्नुपर्छ यस्ता विधि र क्रियाकलापको यर्थाथ प्रयोग गरी पाठ्यक्रम कार्यन्वयनलाई प्रभावकारी बनाई शिक्षामा गुणस्तर बृद्धि गर्नु आवश्यक देखिन्छ जसकालागि निःशुल्क र अनिवार्य शिक्षा, शिक्षक तालिम, शिक्षामा आधुनिक प्रवृत्तिको प्रयोग, पाठ्यक्रम पाठ्यपुस्तकको व्यवस्था, शिक्षक, निर्देशिका, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधि र विद्यार्थी मूल्याङ्कन प्रक्रियामा सुधार गरी पाठ्यक्रमको प्रभावकारी कार्यन्वयनमा सहयोग पुऱ्याउने हुँदा यस अध्ययनको औचित्यलाई पुष्टि गर्दछ ।

प्राकृतिक स्रोत तथा वातावरण मानव क्रियाकलापका सकारात्मक र नकारारत्मक प्रभाव र एक आपसि सम्वन्धको रहस्य उदघाटन गरि विद्यार्थीलाइ सचेत तुल्याउन र मानव कल्याणकारी भावनाको विकास गराउन जनसंख्या शिक्षाले महत्वपुर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ उप्त विषयको निर्धारित पाठ्यक्रम प्रभावकारी रुपमा कार्यन्वयन भएको छ कि छैन भनि अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

पाठ्यक्रम निर्माण तथा परिमार्जन पश्चात कार्यन्वयनको क्रममा आउन सक्ने अवरोध वा समस्याको बारेमा सचेत रहन मद्दत गर्नेछ ।

पाठ्यक्रम र मूल्याङ्कन विषयमा विशिष्टिकरण गरिरहेका व्यक्तिले विद्यालय तहको पाठ्यक्रमको कार्यान्वयन सँग सम्बन्धित विषय वा क्षेत्रमा अध्ययन गर्नु एक सान्दर्भिक कार्य हो ।

यस अध्ययनले पाठ्यक्रम कार्यान्वयन सँग सम्बन्धित क्षेत्रमा गहिरिएर अध्ययन गर्ने भएकोले पाठ्यक्रम कार्यान्वयनका विभिन्न मुद्दाहरु उजागर गर्दछ ।

यस अध्ययनले पाठ्यक्रम कार्यान्वयनका आधारभूत तहका सरोकारवाला सँग छलफल अन्तरक्रिया गरिने भएकोले सरोकारवालाको अनुभव र बुझाइहरुलाई उजागर गर्ने छ ।

स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यन्वयनको अवस्था बारे जानकारी चाहने सरोकारवालालाई जानकारी प्रदान गर्छ ।

पठ्यक्रम कार्यान्वयनलाइ प्रभावकारी वनाउन नेतृत्व तह लाई सहयोग गर्दछ ।

पाठ्यक्रम कार्यन्वयन गराउने नेतृत्वकर्तालाई पाठ्यक्रम कार्यन्वयनको वर्तमान अवस्था जानकारी गराउने हुँदा पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन गराउन भावि योजना तर्जुमा गर्ने आधार प्रदान गर्ने, अपेक्षा गर्न सकिन्छ ।

स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यन्वयनको बारे थप अध्ययन अनुसन्धान गर्न चाहने जो सुकैलाई सहयोग गर्ने छ ।

## १.३ समस्याको कथन

शिक्षाले नै व्यक्तिको जीवनमा चेतनाको विकास गरी सचेत नागरीक उत्पादन गर्दछ । गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु प्रत्येक बालबालिकाको अधिकारको रुपमा राष्ट्रिय अन्तराष्ट्रिय रुपमा वकालत हुँदै आएको र राष्ट्रिय स्तरमा विद्यालय उमेरका सबै बालबालिकालाई शिक्षा प्रदान गर्ने विविध प्रयास भए पनि सो सम्भव हुन सकेको छैन । अर्का तर्फ शिक्षा प्राप्त गर्न पाएका बालबालिकाले पाएको शिक्षाको गुणस्तरमा गिरावट आइरहेको छ । शिक्षाको गुणस्तर सुधार गर्न सरकारी गैरसरकारी तबरबाट गरिएका धेरै प्रयासहरु सार्थक हुन सकेका छैनन् । शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्न बनाइएको पाठ्यक्रमको वास्तविक कार्यन्वयन गर्न सकेमा मात्र शिक्षाको गुणस्तर सुधार ल्याउने प्रयासमा सफलता मिल्ला तर सबैका लागि गुणस्तरीय शिक्षा उपलब्ध गराउन परम्परागत शिक्षा प्रणाली मात्र पर्याप्त छैन ।

स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षा विषयको शिक्षणसिकाइ वाट मूलत विद्यार्थीको व्यक्तिगत तथा पारिवारीक जिवन स्वस्थ्य, जनसख्या, वातावरण र विकास विचको अन्तरसम्वन्धको वारेमा दैनिक जिवनको व्यवहारीक पक्ष सँग सम्वन्धित ज्ञान सिप धारणा विकास गराउने उद्देश्यले निर्धारण गरिएको पाठ्यक्रमको वास्तविक मर्मअनुरुपको गरिएन भने उप्त विषयले विद्यार्थीको व्यवहारमा चाहेअनुरुपको पविर्तन ल्याउन सक्दैन तसर्थ माध्यमिक तहमा स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयमा समावेश भएका व्यवहारीक ज्ञान सीप प्रभावकारी रुपमा प्रदान गरीएको छ कि छैन ? यदि छैन भने त्यसका समस्याहरु के के रहेका छन ? र के गर्नसकेमा उप्त विषयको पाठ्यक्रम वास्तविक रुपमा व्यवहारमा लागु गर्न सकिन्छ भनि खोजिगर्नु आवश्यक ठानिएको छ । यो विषय अध्यापन गराउने शिक्षकको पृष्ठभूमि सिमित विषयमा विशिष्टिकरण गर्ने र पठन पाठनमा विभिन्न क्षेत्रमा विषयवस्तु अध्ययन अध्यापन गर्नु पर्ने हुँदा कठिनाई श्रृजना भएको हुनसक्छ । अन्य विषयमा विशिष्टिकरण गरेका

शिक्षकले यो विषय शिक्षण गर्नु पर्ने बाध्यता पनि कतिपय स्थानमा रहेको छ । पाठ्यक्रमको वास्तविक कार्यन्वयन गर्न शिक्षकलाई कस्ता कस्ता ज्ञान सीप धारणाको विकास गर्नु पर्ने आवश्यकता रहेको छ ? पाठ्यक्रम कार्यन्वयनमा समस्या के के छन् ? विद्यालयको भौतिक पूर्वाधार तथा स्रोत साधनको सुधार परिमार्जन गरिएको छ कि छैन ? शिक्षकको आवश्यकता के छन् ? पाठ्यक्रमको वास्तविक कार्यन्वयन हुन सकेको छ कि छैन ? पाठ्यक्रमले निर्धारण गरेका शिक्षण विधि, क्रियाकलाप, मूल्याङ्कन प्रणाली आदि प्रयोग भएको छ कि छैन ? भनि खोजी गरी स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लाउन यो अध्ययन शीर्षकलाई मुख्य समस्याको रुपमा लिइएको छ ।

## १.४ अनुसन्धान प्रश्न

अध्ययन सँग सम्बन्धित विविध पक्षको बारेमा जानकारी हासिल गर्न निर्धारण गरिएको प्रश्नलाई अनुसन्धान प्रश्न भनिन्छ । जसले अध्ययनको विविध सुचकको बारेमा जानकारी हासिल गर्न सहयोग गर्छ । पाठ्यक्रमको कार्यन्वयनको अवस्था अध्ययन गर्न गरिएको यो अध्ययनको लागि निर्धारण गरिएको निम्न प्रश्नले पाठ्यक्रम कार्यन्वयन बारेमा विविध पक्षको जानकारी प्रदान गर्ने छ ।

क. पाठ्यक्रम कार्यान्वयनको क्रममा सरोकारवालाले के के गर्छन ?

ख. स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको कस्ता शैक्षिक सामाग्री प्रयोग गर्छन ?

ग. शिक्षण सिकाइमा पाठ्यक्रमले निर्धारण गरेकै विधि, क्रियाकलाप प्रयोग गरिन्छ ?

घ. शिक्षकलाई तालिम तथा पुर्नताजकीकरण तालिमको व्यवस्था गरिएको छ ?

ङ भौतिक संरचनाको व्यवस्था कस्तो छ ?

च. कक्षामा कस्ता क्रियाकलाप गर्छन ?

छ. पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारि वनाउन के के गरिएको छ ?

## १.५ अध्ययनको उद्देश्य

कुनै पनि कार्यको उद्देश्य भन्नाले त्यस कार्यबाट आशा गरिएको उपलब्धि हो । उद्देश्य बिनाको कार्य फलदायी हुदैन तसर्थ कुनै कार्य गर्नु पूर्व त्यस कार्यबाट आशा गरिएको उपलब्धि (उद्देश्य) निर्धारण गर्नु पर्ने भएको हुँदा यस अध्ययनको उद्देश्यलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

क. स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यन्वयनको अवस्था पहिचान गर्नु ।

ख. पाठ्यक्रम कार्यन्वयनलाई प्रभावकारी बनाउन चालीएका कदमको लेखाजोखा गर्नु ।

## १.६ अध्ययनको परिसीमा

कुनै अध्ययन कार्य सञ्चालन गर्नु पूर्व अध्ययनकर्ताले आफ्नो अध्ययनलाई प्रभावकारी बनाउन आफूसँग उपलब्ध समय, स्रोत, साधन आदिको आधारमा अध्ययनको क्षेत्र तथा अध्ययनको विभिन्न कार्यको अनुसन्धान प्रस्तावनामा नै निर्धारण गर्नुपर्छ अनुसन्धान प्रस्तावनाको आधारमा अनुसन्धान गर्दा कतिपय क्षेत्र वा विषयमा अनुसन्धान प्रस्तावनामा प्रस्ताव गरेको क्षेत्र वा विषय भन्दा केहि सिमित रहनुपर्ने तथा कतिपय प्रस्तावित क्रियाकलाप वा कार्यक्रम भन्दा फरक कार्यक्रम वा गतिविधि सञ्चालन गरि अनुसन्धान पुरा गर्नुपर्ने वाद्यता रहन पनि सक्छ जसलाइ अनुसन्धानको परिसिमा भनिन्छ। यस्ता परिसिमा अनुसन्धान प्रतिवेदनमा स्पष्ट उल्लेख गर्नुपर्छ तसर्थ यस अध्ययन अनुसन्धानको क्रममा रहेका त्यस्ता परिसीमाहरु लाइ निम्न अनुसार उल्लेख गरिएको छ।

यो अध्ययन कक्षा ९ मा मात्र सिमित रहेको छ।

काठमाडौं जिल्ला कीर्तिपुर नगरपालीकाको ३ वटा सामुदायिक माध्यमिक विद्यालय : जनसेवा उच्च मा.वि,वैष्णवि मा.वि.,र कीर्तिपुर मा.वि.मा मात्र अध्ययन गर्ने भनि अनुसन्धान प्रस्तावनामा उल्लेख गरेपनि विद्यालयको असहयोगको कारण कीर्तिपुर मा.वि.को सट्टा आदिनाथ मा.वि. वाट सूचना संकलन गरिएको थियो।

एक अर्को कक्षाअवलोकनको समयान्तर ३/३ दिन कायम राख्ने भनि अनुसन्धान प्रस्तावनामा उल्लेख गरे पनि राजनैतिक तथा विद्यालयको आन्तरिक कारणले सबै कक्षाअवलोकनमा सो समयान्तर कायम राख्न सकिएन।

पाठ्यक्रम कार्यन्वयनको अवस्था अध्ययन गर्न खास रुपमा योजना र वास्तविक अवस्था बीचको फरकलाई हेरीएको छ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

आफूले अध्ययन गर्न लागेको अध्ययन शीर्षक सँग सम्बन्ध राख्ने कस्ता कस्ता शीर्षकमा क-कसले, काँहा, कहिले के उद्देश्य राखेर अध्ययन गरेको थियो ? कस्तो अध्ययन विधि प्रयोग गरेर गरीएको अध्ययनबाट के निश्कर्ष निकालीएको थियो कुन कुन सिद्धान्तको प्रयोग गरिएको थियो ? जस्ता पक्षमा प्रकाशित तथा अप्रकाशित विभिन्न साहित्यको खोजी तथा विश्लेषण गर्ने कार्य नै सम्बन्धित साहित्यको पुनरावलोकन हो आफ्नो अध्ययन सँग सम्बन्धित शीर्षकमा यस अघि भएका अध्ययन कार्यको समिक्षा गर्नाले आफ्नो अध्ययन शीर्षक सँग सम्वन्धित कार्य अगाडी बढाउन सहयोग पुग्दछ । तसर्थ कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठयक्रम कार्यन्वयनको स्वरुप पत्ता लगाउन गरीने यस अध्ययन कार्यमा कोहि हद सम्म मेल खाने तथा अनुसन्धानमा सहयोग पुऱ्याउने केहि पुर्व साहित्य तथा सिद्धान्तको निम्न अनुसार समिक्षा गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धानलाई विभिन्न सिद्धान्तको आधारमा विश्लेषण गरेर निष्कर्षमा पुग्न सकिन्छ । अध्ययनको उद्देश्य र प्रकृति अनुसार फरक फरक अध्ययनमा फरक फरक सिद्धान्त प्रयोग गरी निष्कर्ष निकाल्न सकिन्छ तसर्थ पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन गरिएको यस अध्ययनलाई पाठ्यक्रम कार्यान्वयनका नमूना सँग सम्बन्धित गराउँदै अध्ययन कार्यलाई सम्पन्न गरिएको छ । जसका लागि पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूनाका आधारमा वर्तमान पाठ्यक्रम कार्यान्वयनको अवस्था विश्लेषण गरिएको छ ।

#### २.१.१ संगठनात्मक विकास नमूना

पाठ्यक्रम कार्यान्वयनको यस नमूना अनुसार परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्न पाठ्यक्रमको कार्यान्वयन क्षेत्र विद्यालयमा पनि पाठ्यक्रम सँगसँगै सुधार गर्नु पर्छ । जसका लागि विद्यालय प्रशासक, सुपरिवेक्षक, निर्देशक, शिक्षक बीचमा निरन्तर अन्तरक्रिया आवश्यक पर्दछ जसले विद्यालयमा निरन्तर सुधारको आधार तयार हुन्छ र पाठ्यक्रमको वास्तविक कार्यान्वयन हुन्छ भन्ने धारणा यस नमूनाको रहेको छ । पाठ्यक्रम कार्यन्वयनलाई सञ्चालन भइरहेको अवस्थामा हुने सामुहिक अन्तरक्रियात्मक प्रक्रियको रुपमा हेर्दछ । पाठ्यक्रमको सफल कार्यन्वयन गर्न विद्यालयलाई दिर्घकालीन रुपबाट विकास र सुधार गर्ने, समस्याको समाधान गर्ने, स्रोत साधनको नविकरण गर्ने जस्ता सुधारका प्रयास अपनाएर पाठ्यक्रम कार्यन्वयन गर्न सकिने धारणा यस नमूनाको छ । संगठनका मुद्दाहरुलाई सम्बोधन गर्न सामुहिक कार्य, कार्यमूलक अनुसन्धानमा जोड दिनु पर्छ । सामुहिक भावनाको विकास गरि समुह क्रियाकलापमा जोड दिनाले पाठ्यक्रम कार्यन्वयनमा सहजता आउने धारणा यस नमूनाको रहेको छ ।

के पाठ्यक्रमको मर्म अनुरुप विद्यालयमा सुधार गर्ने गरिएको छन् ? पाठ्यक्रमको मर्म अनुरुप विद्यालयमा पुर्वाधारको तयार, गरिएको छ कि छैन ? पाठ्यक्रम कार्यान्वयनको बारेमा सम्बन्ध सरोकारवाला बीचमा अन्तरक्रियाको अवस्था कस्तो रहेको छ ? स्रोत साधनको नविकरण गरिएको छ कि छैन ? अन्तरक्रियाको आधारमा सामुहिक भावनाको विकास तथा शिक्षकमा शिक्षण सिकाइ प्रतिको संवेदनशिलता जस्ता पक्षको विश्लेषण गरी पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गरीएको छ ।

स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विषयवस्तु शिक्षण सिकाइ गर्न कक्षामा विद्यार्थीहरु बिच छलफल गराउने, स-साना परियोजना कार्य गर्न दिने, कक्षामा परियोजना प्रतिवेदन प्रस्तुत गर्न लगाउने अभिनय, अवलोकन गर्न लगाउने, आफै खोजी गरी कार्य गर्ने बानि बसाल्ने जस्ता शिक्षण विधि चयन गर्नु पर्दछ भनि पाठ्यक्रममा उल्लेख गरिएको छ तर के विद्यालयमा पाठ्यक्रमले प्रस्ताव गरेकै विधि र क्रियाकलाप सञ्चालन गरिएको छ ? योजना र वास्तविक वर्तमान अवस्था बीच फरक छ कि छैन ? जस्ता पक्षको खोजी गरी पाठ्यक्रम कार्यन्वयनको अवस्था खोजी गरीएको छ ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन

श्रेष्ठ (२०६४) ले "नेपालका पाठ्यक्रम निर्माण तथा कार्यान्वयन"नाम दिइएको पुस्तकमा उल्लेख गरे अनुसार पाठ्यक्रम कार्यन्वयनको विविध समस्या औल्याएका छन् । शिक्षकको योग्यताको कमि, शिक्षक तालीम पुर्नताजकीकरण तालीमको अभाव, आवश्यक मात्रामा शिक्षक दरबन्दिको अभाव, शैक्षिक सामग्रीको अभाव, विद्यार्थी केन्द्रित शिक्षण विधिको अभाव, आन्तरीक मूल्याङ्कनको व्यवस्था नहुनु, अनुगमन, निरिक्षण सुपरिवेक्षणको अभाव तथा पाठ्यक्रम र पाठ्यपुस्तक बीच तालमेलको कमि जस्ता समस्याले पाठ्यक्रमको वास्तविक कार्यान्वयन हुन नसकेको उल्लेख गरिएको छ ।

आचार्य (२०६४) ले आफ्नो शोध कार्यमा पाठ्यक्रम कार्यान्यनको अवस्था अध्ययन गर्दा सार्वजनीक विद्यालयमा शिक्षक निर्देशिका अनुसार अध्यापन गराए पनि शैक्षिक सामग्रीको अभाव, सामाजिक विषयलाई सरल र सामान्य विषयको रुपमा लिइएको, तालिम प्राप्त शिक्षकको अभाव तथा शिक्षकमा दैनिक पाठ्यभार बढिभएको लगायत समस्याले पाठ्यक्रमको वास्तविक कार्यान्वयन हुन नसकेको उल्लेख गरिएको छ ।

भण्डारी (२०६५) ले निःशुल्क प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था अध्ययन गर्दा सार्वजनिक विद्यालयमा सामाजिक, आर्थिक, भौतिक समस्या शिक्षकको योग्यता तथा निरिक्षण सुपरिवेक्षणमा समस्या रहेको कारण पाठ्यक्रमको सफल कार्यान्वयनमा बाधा उत्पन्न भएको निष्कर्ष निकालीएको थियो ।


बन्जरा (२०६८) ले सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पुर्व प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा विद्यालयमा उपयुक्त र पर्याप्त भौतिक पुर्वाधारको अभाव, तालिम प्राप्त शिक्षकको अभाव, अनुगमन निरिक्षणको अभाव, पाठ्यक्रमको अवधि स्पष्ट किटान नहुनु, समन्वय र समझदारीको अभाव, उपयुक्त मूल्याङ्कन विधिको अभाव जस्ता समस्याले पाठ्यक्रम प्रभावकारी कार्यन्वयन हुन नसकेको निष्कर्ष निकालेका छन ।

पाठ्यक्रम कार्यान्वयनका बारेमा गरिएका अध्ययनहरु मध्ये माथि उल्लेख भएका कुनै पनि अध्ययनले पाठ्यक्रमको वास्तविक कार्यन्वयन भएको निष्कर्ष निकालेका छैनन । सबै जसो अध्ययनले शिक्षक तालिमको अभाव, अनुगमन निरीक्षण सुपरिवेक्षणको अभाव, भौतिक पूर्वाधारको अभाव मूल्याङ्कन विधि शैक्षिक सामाग्री जस्ता साझा समस्या उल्लेख गर्दै पाठ्यक्रम कार्यन्वयनमा समस्या रहेको निष्कर्ष निकालेका छन् ।

समस्यात देखा परे तर के हुनु पर्थ्यो ? के भएको छ र समस्या आयो भन्ने स्पष्ट गरीएको छैन । साथै कुन सिद्धान्तको प्रयोग गरेर अध्ययन गरीएको हो स्पष्ट उल्लेख छैन । तसर्थ यहाँ पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा पाठ्यक्रमले बनाएका योजना र हाल कार्यान्वयनको अवस्था बीचको दुरी पहिचान गर्दै पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूनाको आधारमा वर्तमान पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गरीएको छ ।

## २.३ अध्ययनको अवधाराणात्मक ढाँचा

अध्ययनको अवधाराणात्मक ढाँचाको विकास सैद्धान्तिक ढाँचाको माध्यम बाट नै गरीने हुनाले यो सैद्धान्तिक ढाँचाको एउटा खण्डमा मात्र केन्द्रित रहन्छ । अवधारणात्मक ढाँचा अध्ययन गर्न लागिएको समस्यामा निहित चरहरु र यी चरहरु बीचको सम्बन्धलाई चित्रात्मक अथवा व्याख्यात्मक रुपमा उल्लेख गरिन्छ । यसमा अनुसन्धानकर्त्ताले आफ्नो अध्ययनलाई कसरी पूर्णता दिन खोजेको छ भन्ने कुरालाई चित्रात्मक रुपमा उल्लेख गर्दछ (निउरे, २०६८) । सामान्यतया अवधारणात्मक ढाँचामा अनुसन्धानका मुख्य पक्षमा अनुसन्धानकर्ताले बनाएको धारणालाई चित्रात्मक रुपमा उल्लेख गरिन्छ । यसले अनुसन्धानको बारेमा अनुसन्धानकर्ताको मानसिक नक्सालाई प्रतिविम्बित गर्दछ । तसर्थ माध्यमिक तहमा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न निम्न अनुसारको अवधारणात्मक ढाँचा प्रस्तुत गरीएको थियो ।




मथि उल्लेखित आधारणात्मक ढाँचाले स्वीकृत पाठ्यक्रमको कार्यान्वयन गर्न विद्यालयमा प्रयोग गर्नसकिने विधि क्रियाकलाप आवश्यक पुर्वाधार तथा शैक्षिकसामग्री जस्ता पक्षमा कस्तो योजना वनाएको छ ? त्यस्ता योजनालाई सम्पन्न गर्न आवश्यक पुर्वाधार शैक्षिक सामग्री विद्यालयमा उपलव्ध छनकि छैनन ? उपलव्ध भए पनि त्यसको प्रयोगको अवस्था कस्तो छ भनि पाठ्यक्रम कार्यान्वयनको योजना र त्यसको वास्तविक फिल्डमा कार्यान्वयनको वर्तमान अवस्था विचको फरक पहिचान गर्ने गरी उल्लेख गरीएको छ ।

## परिच्छेद तीन

## अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धान सुरु गर्नु पुर्व अनुसन्धानको निश्चित विधि वा तरीकाको निर्धारण गर्नाले अनुसन्धानलाई सरल रुपमा सम्पन्न गर्न सहयोग मिल्दछ । अध्ययनको लागि उपलब्ध समय, स्रोत साधन, अध्ययनको प्रकृति, उद्देश्य आदिको आधारमा प्रत्येक अध्ययन अनुसन्धानको लागि फरक फरक अध्ययन विधि प्रयोग गर्न सकिन्छ । तसर्थ यस शोध कार्य पुरा गर्न प्रयोग गरीने अध्ययन विधि अन्तरगत छनोट गरीने अनुसन्धान ढाँचा, जनसंख्या र नमूना अध्ययनका साधन निर्माण साधनको वैधता निर्धारण, तथ्याङ्क संकलन प्रक्रिया, तथ्याङ्क विश्लेषण प्रक्रियालाई निम्नअनुसार छनोट गरीएको थियो ।

### ३.१ अनुसन्धान ढाँचा

अध्ययनको क्रममा विषयवस्तुलाई गहिरिएर अध्ययन गरिने तथा सम्बन्धित व्यक्ति, अवस्था वा घटना सँग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सूचनाको यथार्थ नतिजा ल्याउन तयार गरिएको खाका नै अनुसन्धान ढाँचा हो (जोशी, २०६८) । अर्थात अध्ययनको लागि व्यवस्थित तार्किक, आधारभूत तथा संगठित रुपमा तयार गरिएको योजना नै अनुसन्धान ढाँचा हो । अध्ययनको स्वरुप, अध्ययन गर्न लागिएका चरहरु जस्ता कुराले अनुसन्धानको ढाँचा छनोटमा प्रभाव पार्दछ (निउरे, २०६८) । तसर्थ प्रत्येक अनुसन्धानमा फरक फरक अनुसन्धान ढाँचा प्रयोग गर्न सकिन्छ । यहाँ माध्यमिक तहको स्वस्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको स्वरुप अध्ययन गर्न गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरीएको थियो ।

गुणात्मक अनुसन्धानले साङखीक तथ्याङ्कलाई भन्दा वर्णनात्मक सूचनालाई आधार बनाएर खोज गर्न लागिएको कुराको चुरो पत्ता लगाउँछ । अनुसन्धान गर्न लागिएको व्यक्ति, वस्तु वा घटनाको बारेमा अनुसन्धानकर्ता आफै उपस्थित भई प्राकृतिक अवस्थामा अध्ययन गरी शाब्दिक वा चित्रात्मक तथ्याङ्क संकलन गर्ने र सो तथ्याङ्कको आधारमा ठोस निश्कर्ष निकालिन्छ (निउरे, २०६८:२५७) । यो अनुसन्धान ढाँचाले परिणाम भन्दा प्रक्रियामा जोड दिने भएकै कारण पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरीएको थियो । तथ्याङ्कको वृहत स्वरुपले गर्दा गुणात्मक तथ्याङ्क विश्लेषण गर्ने सर्वमान्य नियम वन्नसकेको छैन (खनाल २०६८:२२७) तसर्थ अनुसन्धानको क्रममा प्राप्त शाब्दिक सूचनालाइ अनुसन्धानकर्ताको वुझाइ र तर्कका आधारमा सूचनाको खास मर्ममा तोडमोड नगरिकन विश्लेषण गरि व्याख्यात्मक रुपमा उल्लेख गरिएको छ ।

### ३.२ जनसंख्या र नमूना

कुनै अनुसन्धान पुरा गर्न आवश्यक सूचना संकलन गर्ने निश्चित क्षेत्रको निर्धारण गर्नुपर्छ । यस्तो क्षेत्रको कति जनसंख्या मध्ये कुन कुन व्यक्ति वा पक्षबाट सूचना संकलन गर्ने हो सो कुरा निर्धारण गर्नु नमूना छनोट हो । कुनै अध्ययनको लागि उपलब्ध समय, स्रोत साधन आदिलाई ध्यानमा राखी

सूचना संकलन गर्न सम्पूर्ण जनसंख्या मध्ये नमूना जनसंख्या छनोट गर्नु पर्छ । तसर्थ यस शोध कार्य पुरागर्न आवश्यक सूचना संकलन गर्न विद्यालय, प्र.अ.र सम्वन्धित विषयका विषयशिक्षक लाइ निम्नअनुसार छनोट गरिएको थियो ।

### ३.२.१ विद्यालय छनोट

यस अध्ययनको लागि उपलब्ध समय, स्रोत साधन आदिको आधारमा सम्पूर्ण विद्यालयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न असम्भव रहेको छ तसर्थ यस अध्ययनको लागि काठमाडौं जिल्ला कीर्तिपुर नगरपालीका भित्र रहेका १० वटा सामुदायिक माध्यमिक विद्यालय सुविधाजनक नमूना छनोटको आधारमा जनसेवा उच्च मा.वि., आदिनाथ मा.वि. र वैष्णवी मा.वि. लाई छनोट गरीएको थियो ।

### ३.२.२ प्र.अ. र विषय शिक्षक छनोट

यस अध्ययनको लागि आवश्यक सूचना संकलन गर्न नमूना विद्यालयका प्र.अ.,कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाका विषयशिक्षकलाई छनोट गरिएको थियो । छनोटमा परेको नमूना विद्यालयका प्र.अ. र सम्बन्धित विषयका विषय शिक्षक उद्देश्यमुलक नमूना छनोटका आधारमा स्वतह छनोट गरिएको थियो ।

## ३.३ अध्ययनका साधनहरु निर्माण

अध्ययनलाई व्यवस्थित, पारदर्शि तथा उद्देश्यमुखी बनाउन अध्ययनका साधन वा औजारको महत्वपूर्ण भूमिका रहन्छ । अध्ययनको उद्देश्य र प्रकृति अनुसार हरेक अध्ययनमा फरक फरक साधनको प्रयोग गरेर सूचना संकलन गर्न सकिन्छ । तसर्थ यस अध्ययनलाई पुरा गर्न निम्न अनुसारको साधनको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

**दस्तावेज अध्ययन**

दस्तावेज अध्ययन एक यस्तो साधन हो । जसको सहायता बाट कुनै पनि स्केल, प्रश्नहरु प्रत्यक्ष अवलोकन वा उत्तरदाता आदिको परिचालन विना नै अध्ययनको शीर्षकमा गहन सूचना संकलन गर्न सकिन्छ (खनाल, २०६७) । स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षामा कस्ता कस्ता साधारण विशिष्ट उद्देश्य छन् ? कस्ता विषयवस्तु समावेश छन् ? त्यस्ता विषयवस्तु शिक्षण गर्न कस्ता विधि तथा रणनीति निर्धारण गरिएको छ ? वास्तविक रुपमा कक्षाकोठामा कसरी प्रयोग गरिएको छ ? पाठ्यक्रमले निधार्रण गरे अनुरुप नै कक्षा क्रियाकलाप सञ्चालन भएको छ कि छैन ? तुलनात्मक अध्ययन गर्न उक्त विषयको पाठ्यक्रम तथा शिक्षक निर्देशिका अध्ययन गरी आवश्यक सूचना संकलन गरीएको थियो ।

**कक्षा अवलोकन**

कक्षाकोठाको क्रियाकलापमा सहभागि भई सम्पूर्ण क्रियाकलाप हेरेर आवश्यक सूचना संकलन गर्ने कार्य नै कक्षा अवलोकन हो । यस अध्ययनमा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विषयवस्तु

शिक्षण सिकाइ गर्न पाठ्यक्रमले सिफारिस गरेका विधि रणनीति, सामग्रीको प्रयोग गरिएको छ की छैन ? पाठ्यक्रमले तय गरेको योजना र कक्षामा भएको कार्यन्वयन बीचमा अन्तर छ की छैन ? अध्ययन गर्न कक्षा क्रियाकलाप सञ्चालन भइरहेको बेला ३/३ दिनको अन्तरालमा प्रत्येक नमूना विद्यालयमा ३/३ वटा कक्षा असहभागितामूलक अवलोकन गरी आवश्यक सूचना संकलन गरिएको थियो । जसका लागि कक्षा अवलोकन फारमको प्रयोग गरि सूचना संकलन गरिएको थियो जुन कक्षाअवलोकन फारम अनुसूचि १ मा राखिएको छ ।

**असंरचित अन्तरवार्ता**

अन्तरवार्ता उद्देश्यमूलक वार्तालाप हो । सूचना संकलनको यस विधिमा दुइ वा दुइ भन्दा बढी व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्य र प्रश्नमा केन्द्रित भई दोहोरो वार्तालाप गरी सूचना संकलन गरिन्छ । अन्तरवार्ता संरचित, असंरचित तथा अर्ध संरचित रुपमा सञ्चालन गर्न सकिन्छ । असंरचित अन्तरवार्तामा प्रश्न पूर्ण रुपमा पुर्व निर्धारित हुँदैनन पहिले सोधेको प्रश्नको उत्तरको आधारमा दोस्रो प्रश्न निर्माण तथा सोध्ने कार्य गरिन्छ । असंरचित अन्तरवार्ताको लागि नमूना प्रश्न वा अन्तरवार्ता निर्देशिका प्रयोग गर्न सकिन्छ । त्यस अध्ययनको लागि स्वस्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न तथा पाठ्यक्रम कार्यन्वयनमा प्रभावकारिता ल्याउन चालीएका कदमको लेखाजोखा गर्न प्र.अ. र विषयशिक्षक सँग असंरचित अन्तरवार्ता लिएर आवश्यक सूचना संकलन गरीएको थियो । अन्तवार्ताको क्रममा शोधकर्ता आफैले प्रस्न सोधने र प्राप्त सूचनालाई शोधकर्ता आफैले नोट बुकमा टिपोट गरि सूचना संकलन गरिएको थियो असरचित अन्तरवार्ताको लागि अन्तरवार्ता निर्देशिका प्रयोग गरिएको थियो जुन विषयशिक्षक सँग लिएको अन्तरवार्ता निर्देशिका अनुसूचि २ प्र.अ सँग लिएको अन्तरवार्ता निर्देशिका अनुसूचि ३ मा समावेश गरिएको छ ।

**विद्यालय सर्वेक्षण फारम**

जानकारी प्राप्त गर्न चाहेको विषयवस्तु वा विषय वारे प्रश्नावलि,अन्तरवार्ता तथा अवलोकन जस्ता विधिको प्रयोग गरी व्यक्तिहरु वाट सूचना संकलन गर्नु सर्भे हो । पाठयक्रमको वास्तविक कार्यान्वयन गर्न विद्यालयमा कस्ता भौतिक पुर्वाधार आवश्यक पर्छन र विद्यालयमा त्यस्ता पुर्वाधार उपलव्ध छन कि छैनन भनि जानकारीलिन विद्यलय सर्भे गरीएको थियो । जसकालागि विद्यलय सर्वेक्षण फारम प्रयोग गरीएको थियो जुन सर्वेक्षण फारम अनुसूचि ४मा समावेश गरिएको छ ।

## ३.४ साधनको वैद्यता

तथ्याङ्कको संकलनका साधन फरक फरक प्रकृतिका छन् । अध्ययन अनुसन्धान बाट वास्तविक निष्कर्ष निकाल्न विश्वसनिय र वैद्य सूचना संकलन गर्नु पर्छ । विश्वसनिय र वैद्य सूचना संकलन गर्न यसका साधन पनि वैद्य हुनु आवश्यक छ । यस अध्ययनको लागि आवश्यक सूचना संकलन गर्न शोधकर्ताले स्वअध्ययन र विवेकका आधारमा सूचना संकलनका साधन निर्माण गरिएको थियो । उक्त साधनलाई साथी समुहमा छलफल र परिमार्जन गरी शोध निर्देश बाट तार्किक विश्लेषण गराई साधनको

वैद्यता, निर्धारण गरीएको थियो । शोध निर्देशकको राय, परामर्श अनुरुप नै सूचना संकलनका साधनहरुलाई अन्तिम रुप दिइएको थियो ।

### ३.५ सूचना संकलन प्रक्रिया

अध्ययनको लागि आवश्यक सूचना काँहाबाट कसरी प्राप्त गर्ने भन्ने निर्धारण गर्नु सूचना संकलन प्रक्रिया हो । कुनै पनि अध्ययन अनुसन्धानमा सूचनाको संकलन गर्न विभिन्न स्रोतका आधारमा सूचना संकलन गर्न सकिन्छ । यस अध्ययनको लागि सूचनाको स्रोतका आधारमा प्राथमिक र साहायक स्रोतबाट सूचना संकलन गरीएको थियो ।

#### ३.५.१ प्राथमिक सूचना

अध्ययनकर्ता स्वयम अध्ययन क्षेत्रमा गएर प्राकृतिक अवस्था बाट आफैले सूचना संकलन गर्ने प्रक्रियालाई प्राथमिक तथ्याङ्क संकलन प्रक्रिया भनिन्छ र त्यस प्रक्रियाबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । यस अध्ययनको क्रममा शोधकर्ता आफै नमूना विद्यालयमा गएर प्र.अ. र विषय शिक्षक सँग असंरचित अन्तरवार्ता लिने र असहभागितामूलक कक्षा अवलोकन गरी प्राथमिक सूचना संकलन गरीएको थियो ।

#### ३.५.२ सहायक सूचना

अध्ययनकर्ताले आफ्नो अध्ययनको क्रममा सूचना संकलन गर्न आफै सहभागि नभइ पहिले नै कसैले संकलन गरेका सूचना वा दस्तावेजको आधारमा संकलीत सूचनालाई सहायक तथ्याङ्क भनिन्छ । यस अध्ययनको क्रममा आवश्यक सूचना संकलन गर्न सम्बन्धित विषयको पाठ्क्रम तथा पाठ्यपुस्तकलाई दस्तावेजको रुपमा अध्ययन गरी सहायक तथ्याङ्कको रुपमा सूचना संकलन गरीएको थियो ।

### ३.६ सूचना विश्लेषण प्रक्रिया

यस अध्ययनलाई एक गुणात्मक अध्ययनको रुपमा सम्पन्न गरीएको छ । विभिन्न स्रोतबाट प्राप्त सूचनालाई व्यक्ति र साधनको आधारमा Triangulation गरी विश्लेषण गर्दै व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार

## सूचनाको विश्लेषण र व्याख्या

एकपटक निर्माण गरिएको पाठ्यक्रम सधैका लागि पर्याप्त र सान्दर्भिक नहुने हुँदा समय समयमा परिमार्जन तथा परिवर्तन गर्नु आवश्यक देखिन्छ भने सो कार्य विगत देखि नै गरिदै आएको छ । पाठ्यक्रमलाई समय सापेक्ष र माग अनुरुप बनाउन निश्चित समयमा परिमार्जन र परिवर्तन गरेर मात्र पुग्दैन यसको वास्तकि कार्यन्वयन गर्नु एक मुख्य चुनौतिको रुपमा रहन्छ । पाठ्यक्रमको वास्तविक कार्यन्वयन गर्न यसमा तोकिएका विधिहरु प्रयोग गरी तोकीएकै क्रियाकलाप गराउनु आवश्यक छ भने सोका लागि विद्यालयमा भौतिक पूवाधार तोकिएका क्रियाकलाप गर्न गराउन सहज हुने गरी पुनः संरचित गर्नु पर्छ अर्कातर्फ शिक्षक तथा विद्यालय प्रशासनमा तोकिए अनुसारको क्रियाकलाप गर्न गराउन सक्ने दक्षता हासिल गराउनु आवश्यक देखिन्छ ।

माध्यमिक तहमा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको वर्तमान पाठ्यक्रम कार्यन्वयनको स्वरुप विश्लेषण गरिएको यो अध्ययनमा पाठ्यक्रममा तोकिएका विषयवस्तु शिक्षण गर्न कुन कुन विधि प्रयोग गर्ने, के कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने, कस्ता क्रियाकलाप गराउने भनि निर्धारण गरेको छ र वास्तवमा विद्यलायमा हाल कस्ता शिक्षण विधि, शैक्षिक सामग्री प्रयोग गरेर कस्ता क्रियाकलाप गराइन्छ ? यी क्रियाकलाप पर्याप्त छन कि छैनन ? यदि छैनन भने यसको कारण के ? पाठ्यक्रम कार्यन्वयनको क्रममा सरोकारवालाले के कस्ता समस्या भोग्नुपरेको छ ? विद्यालयको भौतिक पूर्वाधार कस्तो हुनुपथ्यो हाल कस्तो छ ? आदि बारेमा नमूना विद्यालयबाट आवश्यक सुचना संकलन गरी यस परिच्छेदमा अध्ययनकर्ताको आफ्नो दृष्टिकोण साथ विश्लेषण गरिएको छ ।

माध्यमिक तहको स्वास्थ्य जनसंख्या तथा वतावरण विषयको पाठ्यक्रम वि.सं. २०६४ मा परिमार्जन भए पश्चात यस विषयको शिक्षक निर्देशिका प्रकाशन नभएको साथै पाठ्यक्रम र पाठ्यपुस्तकमा यो विषय अध्ययन अध्यापनका लागी कस्ता भौतिक पुर्वाधार आवश्यक पर्छन भनि स्पष्ट उल्लेख नभएको सन्दर्भमा स्वास्थ्य, जनसंख्या तथा वातवारण विषयको पाठ्यक्रम कार्यान्वयनका निम्ति निम्नअनुसार भौतिक पुर्वाधार आवश्यक पर्ने देखिन्छ विद्यालयमा त्यस्ता पूर्वाधारको स्थीतिलाई यहाँ उल्लेख गरीएको छ ।

### ४.१ पठयक्रम कार्यान्वयन गराउन विद्यालयमा पुर्वाधारको आवश्यकता र वर्तमान अवस्था

क. विद्यार्थी संख्याको आधारमा पर्याप्त टेवल, कुर्सी त्यस्ता टेवल कुर्सी राख्न हावा प्रकाशको राम्रो प्रबन्ध भएको कक्षाकोठा तथा White Board आवश्यक रहन्छ। विद्यालयमा हावा प्रकाश White Board को राम्रो प्रबन्ध भएको कक्षाकोठा उपलब्ध भए पनि टेवल कुर्सीको सट्टा समान उचाइका डेक्स वेन्च राखीएको छ जुन पाठ्यक्रममा व्यवस्था भए अनुसारको छलफल जस्ता विधि प्रयोग गरी शिक्षण गर्न अनुकुल देखिदैन ।

ख. स्वास्थ्य जनसंख्या तथा वतावरण शिक्षाको विद्यार्थीले स्वअध्ययन गर्न पुस्तकालयमा छुट्टै न्याकको व्यवस्था गरी विषयको सन्दर्भ सामग्री तथा सहयोगी पुस्तकहरु राख्नु पर्ने भए पनि विद्यालयमा त्यस्तो व्यवस्था देखिदैन ।

ग. स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा अन्तरगतको परिवारको किसिम, यसका सवल तथा दुर्वल पक्षहरु, वसाइसराइ जस्ता विषयवस्तु अभिनयद्वारा अध्यापन गर्न कक्षामा पऱ्याप्त खुलाठाउँ आवश्यक पर्छ । तर विद्यालयमा त्यस्तो खुल्लाठाँउको व्यवस्था गरीएको छैन जसले अभिनय विधि अपनाउन समस्या हुने देखीन्छ ।

घ. आमावुवाको उत्तरदायित्व, विवाह, वृद्रवृद्राको स्यहार, जनसंख्या परिवर्तनका कारण र असर, प्राकृतिक स्रोत, वातावरण प्रदुर्षण यौन तथा प्रजनन् स्वास्थ्य जस्ता विषयवस्तु वारे शिक्षकको सहजीकरणमा विद्यार्थी विच नै छलफल गराई निश्कर्षमा पुग्नु उचित हुन्छ जसकालागी Round Table कुर्सी आवश्यक पर्छ जुन कक्षा कोठामा अभाव छ ।

ङ जनसंख्या परिवर्तनका कारण र असर, प्रदुषण, प्राकृतिक स्रोत संरक्षण जास्ता विषयवस्तु अध्यापन गर्दा विद्यार्थीलाई वास्तविक स्थलमा लगी प्रत्यक्ष अवलोकन गराएमा सिकाइ प्रभावकारी वन्छ । जसका लागी कक्षा कार्यका अलावा त्यस्तो अतिरिक्त समय विभाजन गर्नु पर्छ तर विद्यालयमा त्यस्तो अतिरिक्त समय विभाजन नगरीएको हुदा स्थलगत भ्रमण लैजान विद्यालयमा समय नै अभाव देखीन्छ ।

च. परिवार नियोजनका अस्थायी तथा स्थायी उपाय वारे अध्यापन गर्न कम्प्यूटर, इन्टरनेट, प्रोजेक्टर सहितको प्रर्दशन कक्ष आवश्यक पर्दछ । तर यस्ता साधन, उपकरण तथा प्रर्दशन कक्ष विद्यालयमा अभाव रहेको छ ।

छ. पानी सुद्धिकरण गर्ने उपायहरु वारे अध्यापन गर्न फिल्टर, पियूस, पानी उमाल्ने भाडो, इन्धन आवश्यक पर्छ जुन विद्यालयमा उपलब्ध रहेको छ ।

ज. वातावरणिय सरसफाइ जस्ता विषयवस्तु सिकाउन विद्यालयमा शौचालय, फोहोर संकलन तथा व्यवस्थापनका लागी कन्टेनर आवश्यक पर्छ । उल्लेखीत दुवै पुर्वाधार विद्यालयमा उपलब्ध छन तर विद्यालका कन्टेनरमा फोहोरको मात्रा हेर्दा ति कन्टेनर अपऱ्याप्ता भएको अनुभव गर्न सकिन्छ ।

झ. उपभोक्ता स्वास्थ्य तथा पौष्टिक आहार जस्ता विषय वस्तु वारेमा अध्यापन गर्न विद्यालय परिसरमा करेसावासरी तथा वगैंचा आवश्यक पर्दछ तर विद्यालयमा नत करेसावारी छ नत बगैचा दुवै चिज अभाव रहेको छ ।

ञ. विभिन्न दुर्घटनाहरु जस्तै पानीमा डुब्नु, आगोले पोल्नु, सर्पले डस्नु, करेन्ट लाग्नु, घाटिमा केही वाह्य वस्तु अड्कने जस्ता दुर्घटना भएमा प्राथमिक उपचार गर्न विद्यार्थीलाई सिकाउनका निम्ति विद्यालयमा औषधि सहितको छुट्टै प्राथमिक उपचार कक्ष आवश्यक पर्छ । तर यो अध्यनको लागी सूचना संकलन गरीएका कुनै पनि विद्यालयमा त्यस्तो प्राथमिक उपचार कक्ष उपलब्ध छैन ।

ट. स्वास्थ्य जनसंख्या तथा वातावरण विभिन्न विषय वस्तु अध्यापन गर्न विभिन्न चित्र, पम्प्लेट, ब्रोसर केन्द्रिय तथ्याङ्क विभाग, स्वास्थ्य विभाग तथा वतावरण सग सम्वद्ध निकायद्वारा प्रकाशित प्रतिवेदनहरुलाई शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ तर सूचना संकलन गरीएका विद्यालयमा उल्लेखीत सम्भाव्य शैक्षिक सामग्री केहि पनि उपलब्ध छैनन् ।

ठ. कुनै विषयको निर्धारित पाठ्यक्रम वास्तविक कार्यन्वयन गराउने सम्वन्धित विषयमा विशिष्टिकरण गरेका विशेषज्ञको अवाश्यकता पर्दछ । तर यस अध्ययनको क्रममा सूचना संकलन गरिएका विद्यालयमा माध्यमिक तहको स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा विषयको पाठ्क्रम कार्यान्वियन गराउने शिक्षक उक्त सम्वन्धित विषयमा विशिष्टीकरण नगरी अन्य विषयमा विशिष्टिकरण गरेका छन । विद्यालय A का उक्त विषयका विषय शिक्षकले BBA को शैक्षिक उपाधि हासिल गर्नुभएको तथा एकपटक पनि शिक्षक तालिममा सहभागि नहुनुभएको हुँदा उहाँको ६ वर्षको शिक्षण अनुभवले स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विषय विज्ञताको सवालमा प्रश्नचिन्ह खडा गर्न सकिन्छ । त्यस्तै विद्यालय B का विषय शिक्षकले स्वास्थ्य विषयमा B.Ed, M.Ed गर्नु भएको तथा विद्यालय C मा विषय शिक्षकले जनसंख्या विषयमा B.Ed गर्नु भएको छ तर माध्यमिक तहमा समावेश भएको स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा एकिकृत विषयको लागि स्वास्थ्य अथवा जनसंख्या कुनै एक विषयमा मात्र विशिष्टिकरण गरेका व्यक्तिलाइ स्वस्थ्य जनसंख्या तथा वातावरण शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसारको विषय विज्ञता पर्च्याप्त मान्न सकिदैन ।

## ४.२ पाठ्यक्रम कार्यान्वयनको स्वरुप

पाठ्यक्रम कार्यन्वयनको वर्तमान अवस्था अध्ययन गर्दा यहाँ पाठ्यक्रमले निर्धारण गरेका शिक्षण विधि क्रियाकलाप, शैक्षिक सामग्रीको प्रयोगको अवस्था बारेमा शोधकर्ताले विभिन्न विद्यालयमा गरेको कक्षा अवलोकन, सम्बन्धित विषयको विषयशिक्षक तथा प्र.अ. सँगको अन्तरवार्ता र आफ्नो दृष्टिकोणका आधारमा पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूनाको आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनको क्रममा आवश्यक सूचना संकलन गरिएका विद्यालय तथा सम्बन्धित सरोकारवाला सँगको नैतिक सवालको दृष्टिकोणले ति विद्यालयलाई A, B, C नामाकरण गरी प्राप्त सूचनाको विश्लेषण गरिएको छ ।

### ४.२.१ पाठ्यक्रम कार्यान्वयनको क्रममा कक्षा क्रियाकलाप

**विद्यालय A मा कक्षा अवलोकन**

विद्यालय A मा कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा विषयको प्रथम कक्षा अवलोकन गर्दा “स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विभिन्न पक्ष सँगको अन्तरसम्बन्ध” पाठ शिक्षण गर्नुभएको थियो । कक्षाकोठामा विद्यार्थी संख्या अनुसार डेक्स बेञ्च पर्याप्त रहेका तथा हावा प्रकाशको राम्रो व्यावस्था भएपनि ति सम्पूर्ण डेक्स बेञ्च अगाडी फर्काएर राखीएको छ । यस विषयको पाठ्यक्रमका विषयवस्तु शिक्षण गर्न छलफल, अन्वेषण, अनुसन्धान जस्ता विधि प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ तर कक्षाकोठामा प्रवचन विधिलाई प्रमुख प्राथमिकता साथ प्रयोग गरेको पाइन्छ पाठ्यक्रमले तोकेका शिक्षण विधि कक्षामा प्रयोग गर्न तथा विद्यार्थीलाई छलफलमा सहभागी गराउन विद्यार्थी आमने सामन्ने हुने गरी बस्ने व्यवस्था गर्न Round Table कुर्शी आवश्यक पर्ने भएपनि कक्षाकोठामा त्यस्ता पुर्वाधारको अभाव भएकै कारण छलफल विधि प्रभावकारी रुपमा प्रयोग गर्न नसकिने स्थिति भएर पनि कक्षामा प्रवचन विधिलाई नै प्रमुख रुपमा प्रयोग गरिएको हुनसक्छ । पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूना अनुसार पाठ्यक्रमको सफल कार्यन्वयन गर्न पाठ्यक्रमको माग अनुरुप भौतिक पुर्वाधार तथा स्रोत साधन सुधार तथा नविकरण गर्नु पर्ने भएपनि यस विद्यालय A मा पाठ्यक्रमले तोकेका शिक्षण विधि प्रयोग गर्न सक्ने गरी पुर्वाधारको व्यवस्था गर्न सकेको देखिदैन जसले पाठ्यक्रमको वास्तविक कार्यान्वयन गर्न समस्या उत्पन्न गर्ने देखिन्छ ।

कुनैपनि दिनको नयाँ पाठ शिक्षण गर्न सुरु गर्नु अगाडी पुर्वपाठको पुनरावलोकन गराएर मात्र नयाँ पाठमा प्रवेश गर्नु फलदायी भए पनि यो पाठ शिक्षण गर्दा पुर्वपाठको पुनरावलोकन नगरी सोझै नँया पाठमा प्रवेश गर्नुले शिक्षण सिकाइ उपलब्धि बढाउने तर्फ शिक्षकको संवेदनशिलताको कमिरहेको आभाष हुन्छ । पाठको सरुवात गर्दा पाठ बारेमा साधारण प्रश्न विद्यार्थीलाई सोधेर पाठबारेमा उनिहरुको पुर्वज्ञान वा अनुभवको पहिचान गर्नु यस पाठको सवल पक्ष देखिन्छ । विद्यार्थीले व्यक्त गरेका धारणामा शिक्षकले थप जानकारी दिदै उदाहरण मार्फत विषयवस्तुलाई प्रष्ट पार्ने प्रयासका साथ साथै पाठको मूल्याङ्कन गर्न कक्षाको विच विचमा विद्यार्थीलाई प्रस्न सोध्ने कार्य भएको तर कक्षाका सिमित विद्यार्थीले मात्र त्यस्ता प्रश्नको जवाफ दिने र आफूलाई अन्योल भएका केहि प्रश्न शिक्षकलाई सोधेर सिकाइमा सक्रिय रहने प्रयास गरेपनि कक्षाको अधिकांश विद्यार्थी कक्षामा निश्क्रिय स्रोताको रुपमा मात्र रहेका छन् । जसबाट शिक्षकले सम्पूर्ण विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउन नसकेको देखिन्छ । पाठको बारेमा शिक्षकले सोधेका प्रश्नको कुनै विद्यार्थीले जवाफ दिएपछि त्यो जवाफलाई विद्यार्थी समूहमा छलफल गराएर त्यसमा आफ्नो धारणा व्यक्त गर्न लगाउन सकेमा विद्यार्थीको सहभागिता बढ्ने देखिन्छ । अर्कातर्फ कुनै विद्यार्थीले पाठको बारेमा राखेका समस्या बारे अन्य विद्यार्थी साथी विच छलफल गराएर समस्याको समाधानको उपाय खोजी गर्ने कार्य गरेमा शिक्षण पनि प्रभावकारी हुन्छ भने विद्यार्थी

सक्रियता पनि बढ्ने देखिन्छ । यसो गरेमा कुनै समस्या समाधान गर्न सामूहिक भावनाको विकास गर्न सहयोग पुग्ने थियो जुन कुरा पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूनाले पनि जोड दिन्छ ।

पाठको शिक्षण गर्न विद्यालयमा उपलब्ध डेक्स बेञ्चलाई कक्षामा अंग्रेजी अक्षर यु आकारमा व्यवस्थापन गरेर भएपनि विद्यार्थी विच छलफल गराएर निश्कर्षमा पुग्न शिक्षकले सहयोगि भूमिका निर्वाह गरेको भए अझ प्रभावकारी हुने देखिन्छ । शिक्षण सिकाइको क्रममा दैनिक प्रयोगको सामग्री बाहेक अन्य कुनै पनि शैक्षिक सामग्री, प्रयोग नगरीकन शिक्षण गरीएको यो पाठ शिक्षण गर्न जनसंख्या बृद्धिले स्वास्थ्य र वातावरणको क्षेत्रमा पारेको प्रभाव देखाउने विभिन्न चित्र देखाएर शिक्षण गरेमा अझ प्रभावकारी हुने भएपनि त्यस्ता चित्र विद्यालयमा पनि नरहेका र शिक्षक आफूले पनि संकलन गर्ने तर्फ, ध्यान नदिएको कारण कक्षामा प्रयोग नगरीएको देखिन्छ कक्षाको अन्त्यमा पाठको संक्षेपिकरण गर्ने तथा पाठको सुरुवात बाट नै बिच बिचमा प्रश्नोत्तरको माध्यमबाट पाठको मूल्याङ्कन गर्नु सकारात्मक पक्ष हो तर विद्यार्थीलाई गृहकार्य दिएको भए उनिहरुलाई घरमा पनि सिकाईमा सक्रिय गराउन सकिन्थ्यो कि ।

विद्यालय A मा दोस्रो कक्षा अवलोकन भएको दिन परिवारको किसिम बारेमा शिक्षण सिकाइ भएको थियो । उक्त कक्षा व्यवस्थापनमा पनि अघिल्लो कक्षा अवलोकनमा भएको कक्षा व्यवस्थापन भन्दा केहि फरक पाइएन, पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूनाले पाठ्यक्रमको परिवर्तन तथा परिमार्जन सँगै त्यो पाठ्यक्रम कार्यन्वयन गर्ने स्थान विद्यालयमा पनि पाठ्यक्रमको अपेक्षा अनुरुप परिवर्तन गर्नुपर्छ । भौतिक पूर्वाधार तथा अन्य स्रोत साधनको नविकरण गर्नुपर्छ भन्ने धारणा राखे पनि यहाँ विद्यालयमा सो प्रक्रिया अवलम्बन गरिएको छैन । वि.सं. २०५६ बाट माध्यमिक तहमा अनिवार्य विषयको रुपमा समावेश भएको स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम वि.सं. २०६४ मा परिमार्जन गरिए पनि परिमार्जित पाठ्यक्रम कार्यन्वयन गराउन आवश्यक पर्ने स्रोत साधन तथा पुर्वाधारको नविकरण तथा परिमार्जन नगरी यथास्थितिमा पुर्ववत रुपम सञ्चालन गरिएको छ । तसर्थ पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूनाको दृष्टिकोणबाट हेर्ने हो भने पाठ्यक्रम परिमार्जन गरिएको तर यसको सफल कार्यान्वयन गराउन विद्यालयमा विभिन्न पुर्वाधार तथा स्रोत साधनको परिमार्जन तथा सुधार नगरीएकोले पाठ्यक्रमको वास्तविक कार्यान्वयन हुने कुरामा शंका उत्पन्न भएको छ ।

दोस्रो कक्षा अवलोकनको दिन नयाँ पाठको सुरुवात गर्नु अगाडी अघिल्लो दिनको पाठबारे चर्चा त भएको थियो तर हिजो हामीले के पढ्यौ ? आजको पाठ के हो जस्ता प्रश्न विद्यार्थीलई सोधे पनि पुर्वपाठको विषयवस्तुमा प्रवेश नै नगरेकोले उक्त दिन पनि पुर्वपाठको पुनरावलोकन गरेर नयाँ पाठ प्रवेश गरेको भन्नु खास युक्तिसंगत हुदैन अर्कातर्फ नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको आधारमा शिक्षण गर्नु भएको यो विषयवस्तु "परिवारको किसिम" लगायत परिवारको आकार, पारिवारिक जिवन शिक्षा परिवारको आवश्यकता जस्ता विषयवस्तु सोही निकायले प्रकाशन गरेको माध्यमिक तहको सोहि विषयको पाठ्यक्रम सँग मेल खाँदैन एकातर्फ शिक्षण गरिएको

विषयवस्तु पाठ्यक्रममा मेल खादैन भने अर्कातर्फ पुर्वपाठको पुनरावलोकन नगराई नयाँ पाठको सुरुवात गर्नाले विषयशिक्षक पाठ्यक्रम पाठ्यपुस्तक प्रति कतिको परिचित हुनुहुन्छ पाठ्यक्रमको सफल कार्यन्वयन र विद्यार्थी सिकाइ उपलब्धी प्रति कति जिम्मेवार हुनुहुन्छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ ।

नयाँ पाठको प्रवेश गर्ने क्रममा परिवारको प्रकारबारे गरिएको प्रश्नमा विद्यार्थीले पाठ्यपुस्तकको आधरामा दिएको जवाफलाई समर्थन गर्दै एकल र संयुक्त परिवारको बारेमा शिक्षक आफैले साधारण परिचय दिनु भएको थियो । यसरी शिक्षक आफैले परिवारको परिचय दिनु भन्दा विद्यार्थी विच छलफल गराउने त्यसमा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्ने र विद्यार्थी विचमै छलफल गराई परिवारको परिचय खोजी गर्ने प्रयास गरेको भए अझ राम्रो हुने थियो । परिवारको परिचय पश्चात विद्यार्थीलाई एकल र संयुक्त परिवारमा को को सदस्य रहन्छन र तिम्रो परिवार कस्तो प्रकारको हो भनि छुट्याउन लगाउनु भएको कार्य प्रभावकारी मानिन्छ भने एकल र संयुक्त परिवारको फाइदा बेफाइदा बारेमा सम्पूर्ण विद्यार्थीलाई लेख्न लगाएर कक्षामा पालैपालो भन्न लगाउनुभएको थियो । हुनत पाठ्यक्रमले कुनै पनि विषयवस्तु शिक्षण गर्न कुनै निश्चित यो नै विधि प्रयोग गर्नु, यिनै शैक्षिक सामग्री प्रयोग गर्नु भनि निर्धारण गरेको त छैन तर पनि विद्यार्थीलाई परिवारको किसिम पढाउदा एकल र संयुक्त परिवारमा रहने सदस्य संख्याको ज्ञान मात्र दिनु भन्दा विद्यार्थीलाई परिवारको सदस्यको भूमिका अनुसार विभाजन गरेर एकल र संयुक्त परिवारको कक्षामै अभिनय गराएमा धारणा स्पष्ट हुने देखिन्छ ।

अर्कातर्फ एकल र संयुक्त परिवारको फाइदा वेफाइदा शिक्षण गर्न विद्यार्थीको समूह विभाजन गरेर छलफल गराइ त्यस्ता परिवारको फाइदा वेफाइदा बारे निश्कर्ष निकालेर कक्षामा प्रस्तुत गर्न लगाउन सकिन्छ भने अर्को तरिका एकल र संयुक्त परिवारको फाइदा बेफाइदा बारे विद्यार्थीलाई पक्ष विपक्षमा विभाजन गरेर कक्षामै वादविवाद प्रतियोगिता सञ्चालन गर्न सकिन्छ । जसले विद्यार्थीको सक्रियता पनि बढाउछ भने उक्त विषयवस्तुको धारणा स्पष्ट पार्दछ तर उल्लेखित सम्भाव्य विधि तथा क्रियाकलाप सञ्चालन गर्न कक्षामा आवश्यक पुर्वाधार पर्याप्त नभएको कारण पनि प्रवचन विधिलाई नै प्रयोग गर्नुपर्ने स्थिति देखिन्छ र हाल सोहि भइरहेको पनि छ ।

एकल र संयुक्त परिवारको फाइदा र बेफाइदा देखाउने विभिन्न चित्रहरु शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्दा शिक्षण सिकाइमा प्रभावकारीता थप हुने देखिन्छ तर त्यस्ता चित्रहरु नत विद्यालयमा उपलब्ध छन् नत शिक्षकले नै बनाउने वा संकलन गर्ने र प्रयोग गर्ने गरेका छन् । त्यस्ता शैक्षिक सामग्री विद्यालयमा अभाव भएकै कारण पनि दैनिक प्रयोगका शैक्षिक सामग्री मात्र प्रयोग गरेर प्रवचन विधि नै मुख्य रुपमा प्रयोग गरिएको हुनसक्छ । कक्षाका केहि विद्यार्थी सिकाइमा उत्सुक भई सक्रिय रहने प्रयास गरे पनि कक्षाका सम्पूर्ण विद्यार्थीलाई समान रुपमा सक्रिय गराउन सकिएको छैन । कक्षाको अन्त्यमा पाठको संक्षेपमा मुख्य बुँदा बताउँदै कक्षा अन्त्य गरिएको थियो यो पाठमा पनि गृहकार्य नदिएकाले यसको आवश्यकता महशुस गर्न नसकेको आभाष भएपनि कक्षाकार्यको विच विचमा विद्यार्थीलाई प्रश्न

सोध्नाले विद्यार्थीको विषयवस्तु प्रतिको बुझाइ जाँच गर्ने प्रयास गरेको र विद्यार्थीले उपयुक्त जवाफ दिन नसकेमा सो विषयवस्तु बारे पुनः बताउने शिक्षकको कार्य सकारात्मक मान्न सकिन्छ ।

विद्यालय A मा कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको तेस्रो कक्षा अवलोकन भएको दिन आमावावुको उत्तरदायित्व बारेमा शिक्षण सिकाई भएको थियो । यस दिनमा पनि कक्षाको व्यवस्थापनमा कुनै परिवर्तन नगरी पुर्ववत रुपमा नै कक्षा सञ्चालन गरिएको थियो । पाठ्यक्रमको आधारमा नै समावेश गरिएको यो पाठ अघिल्लो पाठ भन्दा नयाँ एकाई सुरु भएको कारण हुनसक्छ पुर्वपाठको पुनरावलोकन नगरी सोझै नयाँ पाठमा प्रवेश गरिएको थियो । आमावावुको उत्तरदायित्वको परिचय शिक्षक आफैले दिनु भएको थियो । परिचय पश्चात विद्यार्थीले पाठ्यपुस्तकका आधारमा बताएका आमावावुको उत्तरदायित्व लाई शिक्षकले Green board मा टिपोट गर्नुभएको र त्यस्ता बुँदामा शिक्षकले समर्थन गर्दै ति वुँदाको विश्लेषण र व्याख्या गर्दै समाजका कृयाकलाप सँग तुलनात्मक रुपमा प्रस्तुत गर्नुभएको थियो जुन कार्य विद्यार्थी समूह विचमा छलफल गराउँदा अझ राम्रो हुने थियो । विद्यार्थीलाई कक्षाकार्यको रुपमा आमावावुको उत्तरदायित्व लेख्न लगाएर कक्षामा प्रस्तुत गर्न लगाएर विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउने प्रयास गरे पनि सम्पूर्ण विद्यार्थी सिकाइमा सक्रिय रहेको पाइन्न अर्कातर्फ यस्ता पाठ शिक्षण गर्दा विद्यार्थीलाई समूहमा विभाजन गरेर सामूहिक छलफल गराएपछि समूहको एउटा निश्कर्ष निकालेर कक्षामा प्रस्तुत गर्न लगाउनाले सबै विद्यार्थीको सक्रियता बढ्ने सहज अनुमान गर्न सकिन्छ ।

यो विषयवस्तु शिक्षणसिकाइ गर्दा विद्यार्थीको सहभागिता तथा सक्रियता बढाउन आमावावुको भूमिका जिम्मेवारी तथा कर्तव्य बारेमा कक्षामा अन्तरक्रिया कार्यशाला आयोजना गर्ने र विश्लेषणात्मक प्रतिवेदन तयार पारि कक्षामा प्रस्तुत गर्न लगाउने भन्ने छुट्टै क्रियाकलाप पाठ्यपुस्तकमा उल्लेख भए पनि यो पाठ पढाइसक्दा सम्म त्यो क्रियाकलाप बारेमा कुनै चर्चा भएन यसमा नत विद्यार्थीले आवाज उठाए नत शिक्षकले नै त्यो क्रियाकलाप गर्नुपर्छ भन्नु भयो । शिक्षण सिकाइमा सहयोग पुग्ने यस्ता क्रियाकलाप आफ्नो विषयको लागि दैनिक उपलब्ध समय तथा कक्षा व्यवस्थापन जस्ता पक्षको अपऱ्याप्तता को कारण पनि नगराएको हुनसक्छ भने अर्को कारण यस्ता क्रियाकलाप कोर्ष भन्दा अतिरिक्त हुन यिनीहरु लाई कक्षामा नगारए पनि हुन्छ भन्ने धारणा शिक्षकमा विकसित भएर पनि यस्ता क्रियाकलाप सञ्चालन नगरीएको हुनसक्छ । यसबाट विद्यार्थीहरु सिकाइ प्रति सक्रिय, सचेत तथा चिन्तित नरहेको तथा शिक्षकले पनि पाठ्यक्रममा उल्लेख भएका विधि प्रयोग गरि तोकिएकै क्रियाकलाप गराउने तर्फ सक्रिय नरहेको तथा पाठ्यक्रमको वास्तविक कार्यन्वयन नभएको संकेत गर्दछ । विद्यार्थीले विषयवस्तु बारेमा राखेका समस्या शिक्षक स्वयमले समाधान गर्नु भएको थियो तर त्यो भन्दा असल कुनै विद्यार्थीले राखेका समस्या बारे अन्य विद्यार्थी विच आपसमा छलफल गराई समस्या समाधानको उपाय पहिचान गराउने जसका लागि शिक्षकले आवश्यक सहयोग गर्नु उपयुक्त हुन्छ । अन्तत विद्यार्थीबाट समाधानको उपाय नआएमा मात्र शिक्षकले समाधन गरिदिनु उपयुक्त हुन्छ । यसो गरेमा विद्यार्थी सिकाइमा सक्रिय रहन्छन

भने उनिहरुमा समूहमा काम गरी निश्कर्षमा पुग्ने बानिको विकास हुन्छ । जुन समूह कार्यलायई पाठ्यक्रम कार्यान्वियनको संगठनात्मक विकास नमूनाले पनि जोड दिन्छ ।

यो पाठ शिक्षण गर्न मुख्यत प्रवचन र प्रश्नोत्तर विधिलाई नै प्रयोग गरेको पाइयो । छलफल विधि प्रयोग गर्नु सान्दर्भिक देखिने भए पनि यसको प्रयोग भएको छैन यसका पनि विभिन्न कारणहरु हुनसक्छ । छलफल विधि प्रयोग गर्न विद्यालयमा Round Table कुर्शी लगायतका पुर्वाधारको अभाव भएर पनि यो विधि प्रयोग नगरेको हुनसक्छ भने प्रवचन र प्रश्नोत्तर विधि बाट शिक्षण गर्न शिक्षकलाई सहज हुने भएको कारण पनि यिनै विधि प्रयोग गरेको अनुमान गर्न सकिन्छ । अर्कातर्फ शिक्षकले शैक्षिक सामग्रीको प्रयोगको महत्वलाई बुझ्न नसकेर हो वा शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्न अतिरिक्त भार सम्झेर हो । कक्षामा शैक्षिक सामग्री प्रयोग गरिएको छैन । पाठको सुरुवात बाट नै विच विचमा विद्यार्थीलाई पाठ बारे प्रश्न सोधेर विषयवस्तुको बुझाइको जाँच गरी अन्त्यमा पाठको संक्षेपिकरण गरी कक्षा अन्त्य गर्ने शिक्षकको कार्य सकारात्मक मान्न सकिन्छ ।

विद्यालय A मा कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाका ३ वटा कक्षा अवलोकनको पश्चात शिक्षक तथा प्र.अ. सँग लिएको अन्तरवार्ताको क्रममा व्यक्तिगत र मानविय स्वास्थ्य, जनसंख्या स्थिति एवं वातावरणिय पक्षका व्यवहारिक ज्ञान दिन एकिकृत रुपमा तयार पारिएको विषय हो । यस विषयलाई विना लाज धक धारणा स्पष्ट पारेर शिक्षण गर्नसके जिवन मै सकारात्मक प्रभाव पार्ने धारणा विषयशिक्षक र प्र.अ. को छ । उक्त विषयका विषयशिक्षकले यो विषय पढाउन लाजा लाग्दैन खुलस्त निशंकोच पढाउछु भन्दा यस विद्यालयबाट स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको व्यवहारिक ज्ञान दिएको छ भन्ने संकेत मिल्छ तर अर्का तर्फ उक्त विषयको विषयशिक्षक ले नै शिक्षण गर्न पाठ्यक्रम भन्दा पाठ्यपुस्तक नै बढि प्रयोग गर्ने गरेको, पाठ्यक्रमले तोकेका विधि प्रयोग गरी तोकिएकै क्रियाकलाप गराउन स्रोत समय र साधनको आधारमा असम्भव रहेको बताउदा यस विषयको पाठ्यक्रम वास्तविक कार्यन्वयन भएको कुरामा शंका उत्पन्न हुन्छ । यस विषयको अध्यापनलाई व्यवहारिक बनाउन विद्यार्थी विच छलफल गराउने स-साना परियोजना कार्य गर्न लगाउने, स्थलगत भ्रमण लगि आफै खोजीगरी सिक्ने वानिको विकास गराउने जस्ता विधि र क्रियकालप पाठ्यक्रमले निर्धारण गरिएको ४० मिनेटको समय अपर्‍याप्त भन्न त मिल्दैन ४० मिनेट पछि लगत्तै अर्को कक्षा सुरु हुने हुँदा यस्ता अन्य विषयका शिक्षक सँग समजदारीका आधारमा स्थलगत भ्रमण लैजाने योजना वनाउनु पर्ने भए पनि त्यस्तो योजना वनाउने गरेको पाइन्न ।

यस्ता वाध्यताका वावजुत विषय शिक्षकले कक्षामा छलफल प्रश्नोत्तर विधि प्रयोग गरेर शिक्षण गर्ने बताए पनि उक्त विद्यालयमा ३ पटक सम्मको कक्षा अवलोकनको क्रममा प्रवचन विधिलाई प्रमुख रुपमा र प्रश्नोत्तर विधि गौण रुपमा प्रयोग गरिएको थियो । पाठ्यक्रममा प्रदर्शन अवलोकन, अभिनय, खोज तथा अन्वेषण जस्ता विधिको सिफारिस गरे पनि त्यस्ता विधि कक्षामा प्रयोग गरेको पाइन्न । यस विषयको पाठ्यक्रमले २५ पुर्णाङ्कको प्रयोगात्मक कार्य गराउनु पर्ने जसका लागि स्थलगत भ्रमण लैजाने,

परियोजना कार्य दिने, तथा परियोजना कार्यको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने र सोका आधारमा प्रयोगात्मक कार्यको अंक दिनुपर्ने व्यवस्था गरेपनि विद्यालयमा प्रयोगात्मक कार्य यस्तै गरी गराउने ठेगान छैन भनेर विषय शिक्षकले भने बाट पाठ्यक्रमको वास्तविक कार्यान्वयन नभएको कुरा पुष्टि हुन्छ ।

पाठ्यक्रमको वास्तविक कार्यन्वयन नहुनुमा विभिन्न कारणहरु हुनसक्छन । पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक नमूनाले परिवर्तित पाठ्यक्रम सफल कार्यन्वयन गर्न विद्यालयलाई दिर्घकालीन रुपमा विकास र सुधार गर्नु पर्ने, स्रोत साधनको नविकरण गर्नु पर्ने धारणा व्यक्त गरे पनि वि.सं. २०६४ मा परिमार्जित पाठ्यक्रमका मर्म अनुरुप नत कक्षामा छलफल, अभिनय, गराउन सहज हुनेगरी कक्षा व्यवस्थापन गरिएको छ नत स्थलगत भ्रमण गराउने परियोजना कार्य गराउने, प्रतिवेदन प्रस्तुत गराउन आवश्यक पऱ्याप्त समयको व्यवस्था गर्न सकिएको छ । अर्कातर्फ हाल प्रत्येक विद्यालयका शिक्षक तालिम प्राप्त हुनुपर्ने व्यवस्था गरेपनि विद्यालय A मा स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षाको विषयशिक्षकले BBA अध्ययन गर्नुभएको छ । विगत ६ वर्ष देखि शिक्षण गर्दा पनि हालसम्म एक पटक पनि तालीममा सहभागि बन्नु भएको छैन तसर्थ पाठ्क्रम कार्यन्वयनको संगठनात्मक विकास नमुनाको आधारमा हेर्ने हो भने विद्यालय A मा स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको पाठ्यक्रम वास्तविक कार्यान्वयन हुने स्पष्ट आधार देखिदैन ।

**विद्यालय B मा कक्षा अवलोकन**

विद्यालय B मा प्रथम कक्षा अवलोकन भएको दिन कक्षा ९ स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विषयको १.२ आ "जनसंख्या शिक्षाको महत्व र आवश्यकता" शिक्षण सिकाइ भएको थियो । कक्षामा विद्यार्थीको संख्या अनुसार डेक्स बेञ्च पऱ्याप्त रहेको हावा, प्रकाश तथा White Board रखाइ उचित व्यवस्था भएपनि सम्पूर्ण डेक्स बेञ्च विद्यालय ए मा जस्तै अगाडी फर्काएर राखिएको छ । जसले शिक्षण सिकाइमा छलफल जस्ता विधि प्रयोग गर्न समस्या रहन्छ किनकि छलफल विधि प्रयोग गर्न विद्यार्थी आमनेसामने बस्न सक्ने गरी डेक्स बेञ्च वा Round Table भएको अवस्थामा सहज हुने देखिन्छ । पाठ्यक्रममा आधारित भएको यो पाठ पढाउन सुरु गर्नु अगाडि पुर्व पाठको बारेमा साधारण पुनरावलोकन गराउनु भएको थियो । हामीले हिजो के पढ्यौ ? यसमा के समस्या छ ? जस्ता प्रश्न सोधेर पुर्वपाठ बारेमा विद्यार्थीको समस्याको पहिचान गर्नुभएको कुनै विद्यार्थीले राखेका समस्यालाई शिक्षकले अन्य विद्यार्थी समक्ष राख्नु भएको थियो । विद्यार्थी विचमै छलफल गराएर त्यस्ता समस्या समाधान गर्ने जसमा शिक्षकले सहयोग गर्नु गर्नुभएको थियो । जुन विद्यार्थीको समस्या विद्यार्थी बाटै समाधान गराउने प्रयास गर्नु सकारात्मक पक्ष हो । पुर्व पाठको पुनरावलोकन पश्चात त्यो दिनको नयाँ पाठ पाठशीर्षक White Board मा लेख्दै जनसंख्या शिक्षाको महत्व र आवश्यकता के के छन् भनि विद्यार्थीलाई भन्न लगाउनु भएको थियो । विद्यार्थीले पाठ्यपुस्तकका आधारमा भनेका महत्व, आवश्यकता बारेका बुदालाई White Board मा टिपोट गर्नु भएको र बुदाँ रिपोट पश्चात जुन बुँदा जुन विद्यार्थीले

भनेका थियो उसैलाई त्यो बुँदा व्याख्या गर्न लगाउनु भएको थियो । विद्यार्थीले दिएको जवाफ वा व्याख्यामा केहि समस्या छ ? उसको जवाफ ठिक छ कि छैन ? नबुझेको केहि छ भने उसैलाइ सोध भनेर अन्य विद्यार्थीलाई आग्रह गर्नुभएको र विद्यार्थीले पनि नबुझेका कुरा सम्बन्धित उत्तर दिने साथीलाई सोधेका थिए । साथीको प्रश्न वा अस्पष्टतालाई समाधान गर्ने प्रयास विद्यार्थीले गरेका जसको लागि शिक्षकले केहि सहयोगी बुँदाहरु बताइदिएर सहयोग गर्नु भएको थियो । शिक्षकको यस्तो कार्य विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउने प्रयास प्रसंसनिय देखिन्छ । यसो गरेमा विद्यार्थीले आफ्नो र साथीको समस्या समाधान गर्न शिक्षकको सहयोग लिएर आफै समाधान गर्ने हुँदा सिकाई दिगो प्रभावकारी हुन्छ ।

एवंरितले बोर्डमा टिपोट सम्पूर्ण बुँदालाई विद्यार्थीलाई व्याख्या गर्नलगाई स्पष्ट पार्ने अवसर दिइनु अन्य विद्यार्थीलाई उक्त बुदाको बारेमा प्रश्न गर्ने आफ्नो धारणा राख्ने अवसर दिनु शिक्षण सिकाइको सवल पक्ष हो । जसले विद्यार्थीलाई सिकाइ प्रति उत्सुक बनाउनुको साथै विषयवस्तु बारे अध्ययन गर्ने बानिको विकास गराउछ । शिक्षकले पाठ शीर्षकलाई बोर्डमा लेखे पश्चात पाठ्यपुस्तक प्रयोग नगर्नुभएको तर विद्यार्थीले पाठ्यपुस्तक बाट नै भनेका बुँदाको व्याख्या विश्लेषण गर्ने गराउने काम गरी कक्षा अन्त्य गर्नु भएकोले शिक्षकले पाठ्यपुस्तक प्रयोग नगरी पाठ्यक्रमका उद्देश्यलाई नै जोड दिन्छु भन्नु त्यति युक्तिसंगत देखिदैन । विषयवस्तु बारे विद्यार्थीको धारणा लीने त्यसमा अन्य विद्यार्थीको धारणा व्यक्त गर्न लगाउने गरेर विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउने प्रयास गरे पनि कक्षाका सम्पूर्ण विद्यार्थी सक्रिय रुपमा सहभागित भएको पाइन्न । कक्षामा अगाडी बस्ने केही सिमित विद्यार्थीले मात्र समस्या राख्ने, कुनै विषयमा आफ्नो धारणा व्यक्त गर्ने तथा कक्षाका अधिकांस विद्यार्थी निश्क्रिय स्रोताको रुममा रहेका छन् । शिक्षकले पनि अगाडी बस्ने तिनै सिमित विद्यार्थीको मात्र धारणा लिने तिनीहरुलाई नै प्रश्न सोध्ने तथा पछाडी बस्ने अन्य धेरै विद्यार्थीलाई सिकाइमा सक्रिय गराउने तर्फ शिक्षकको ध्यान जान नसकेको आभाष कक्षा अवलोकनको क्रममा हुन्छ । तसर्थ सिकाइमा सम्पूर्ण विद्यार्थीलाई सक्रिय गराई समान सहभागिता गराउन शिक्षकले कक्षामा पछाडी बस्ने विद्यार्थीलाई विशेष ध्यान दिने र उनिहरुलाई पनि कक्षामा बोल्न सक्ने बनाउनु आवश्यक देखिन्छ । जसका लागि उनिहरुको समस्या पहिचान गरी समाधान गर्ने तथा सिकाइमा उत्प्रेरित गर्न सकिन्छ ।

शिक्षणमा मुख्य रुपमा प्रश्नउत्तर विधिलाई प्रंयोग गरिएको साथ साथै प्रवचन विधि पनि गरीएको थियो । प्रवचन तथा प्रश्नोत्तर विधिलाई मात्र प्रयोग गर्नाले शिक्षकको ध्यान तिनै दुई विधि भन्दा अन्य शिक्षण विधि प्रयोग गर्ने तर्फ मोडीन सकेको पाइदैन भने शैक्षिक सामग्रीको प्रयोग गर्ने कार्यले पनि प्राथमिकता पाएको छैन । जनसंख्या शिक्षाको फाइदा तथा जनसंख्या शिक्षा नलिदाको बेफाइदा बारेको सूचिहरु प्रस्तुत गर्ने तथा त्यसमा प्रवचन प्रश्नोत्तर भन्दा पनि छलफल गराउन सकेमा फाइदाजनक हुने देखिन्छ । बोर्डमा लेखिएका बुँदको प्रथम चरणको विश्लेषण र व्यख्या गर्दा नै समय समाप्त भएको कारण अन्त्यमा पाठको संक्षेपिकरण गर्ने, मूल्याङ्कन गर्ने तथा गृहकार्य दिने समय अभाव कै कारण हुन

सक्छ उल्लेखित कार्य गराइएको थिएन । जुन शिक्षण सिकाइको सकारात्मक पक्ष होइन भने शिक्षकमा समय व्यवस्थापनको कमजोरी देखिन्छ ।

विद्यालय B मा कक्षा ९ को स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको दोस्रो कक्षा अवलोकन भएको दिन "जनसंख्या शिक्षाको क्षेत्र" शिक्षण सिकाइ भएको थियो । यो कक्षा अवलोकन भएको दिन पनि कक्षा व्यवस्थापन अघिल्लो कक्षा अवलोकन भएकै जस्तो छ यसमा केहि फरक भएको पाइन्न पाठ्यक्रममा आधारित रहेको पाठ "जनसंख्या शिक्षाको क्षेत्र" शिक्षण गर्नु पुर्व अघिल्लो दिनको पाठ साधारण पुनरावलोकन गराउनु भएको अघिल्लो दिनको पाठ बारे साधारण प्रश्नहरु सोध्ने र विद्यार्थीबाट आएको जवाफको लाई अन्य विद्यार्थीको धारणा व्यक्त गर्न लगाउने जसमा शिक्षकले आवश्यक सहयोग गर्ने गरेर पुर्वपाठको पुनरावलोकन गराउने कार्य गरी कक्षा कार्यको सुरुवात गर्नु राम्रो मान्न सकिन्छ ।

नयाँ पाठ शीर्षक जनसंख्या शिक्षाको क्षेत्र White Board मा लेख्दै यसका क्षेत्रहरु के के हुन भनि विद्यार्थीलाई प्रश्न सोधेर सो दिनको नँयापाठ सुरुवात गर्नुभएको थियो । विद्यार्थीले पाठ्यपुस्तकको आधारमा भनेका जनसंख्या शिक्षाका क्षेत्रलाई बोर्डमा लेख्नुभएको थियो । त्यस्ता बुँदाहरुलाई जुन बुँदा जुन विद्यार्थीले भनेको थियो सोहि विद्यार्थीलाई उक्त बुँदाको विश्लेषण र व्याख्या गर्न लगाई प्रंष्ट पार्न लगाउनु भएको थियो । सम्बन्धित विद्यार्थीले भनेपछि उसको जवाफ प्रति अन्य विद्यार्थीका धारणा व्यक्त गर्न लगाउनु भएको तथा केहि समस्या वा अस्पष्टता रहेमा सम्बन्धित विद्यार्थी समक्ष तुरुन्तै प्रश्न राख्ने अवसर दिनु भएको थियो । कुनै विद्यार्थीले राखेको प्रश्न वा अस्पष्टताको बारेमा सम्बन्धित बुँदाको व्याख्या गर्ने विद्यार्थीले चित्त बुझ्दो जवाफ दिन नसकेमा शिक्षकले सहयोग गर्नुभएको थियो । यसरी कुनै विषयवस्तुको बारेमा विद्यार्थीको धारणा लीने एक विद्यार्थीले व्यक्त गरेको धारणा आफ्नो अनुभव लाई अन्य विद्यार्थीले पुनः आफ्नो धारणा व्यक्त गर्नु पाउने तथा आफ्ना अस्पष्टतालाई प्रस्तुत गरी साथी समुहमा वाट नै धारणा स्पष्ट पार्ने अवसर प्राप्त हुनु तथा यस्तो कार्यमा शिक्षकले सहयोगी भूमिका निर्वाह गर्नु शिक्षण सिकाइको सवल पक्ष मान्न सकिन्छ । एवं रितले बोर्डमा लेखेका सम्पूर्ण बुँदाको बारेमा विद्यार्थीलाई पालै पालो बताउनु लगाउनु भएको अन्य विद्यार्थीको धारणा लीनुभएको र आपसमा नै विषयवस्तु प्रतिको विद्यार्थीको धारणा बुझाई साटासाट गराएर विषयवस्तुको बारे स्पष्ट हुन सहयोग गर्नुभएको थियो । विद्यार्थीले बताइसके पश्चात सम्पूर्ण बुँदाको बारेमा शिक्षकले पालै पालो संक्षेपमा बताउनु भएको थियो । कुनै पनि विषयवस्तु बारेमा विद्यार्थी विचमै धारणा साटासाट गराएर स्पष्ट धारणा बनाउन लगाउने र जसलाई शिक्षकले आवश्यक सहयोग गर्नु त सकारात्मक नै मानिन्छ किनकि यसमा विद्यार्थी सहभागिता बढ्छ तर जनसंख्या शिक्षाको क्षेत्र जस्तो गहन विषयवस्तु बारेमा शिक्षण गर्न विद्यार्थीलाई २/३ वटा समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई एक वा दुइ वटा क्षेत्र विभाजन गर्ने र उनिहरुलाई समूहमा छलफल गरी निष्कर्ष निकाल्न लगाउने र समुहको निश्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउने गर्न सकेमा विषयवस्तु बारेमा अझ गहन विचार वा धारणाहरु प्रष्फुटित हुने थियो की ?

कक्षामा विद्यार्थीलाई सक्रिय गराउन शिक्षकले शिक्षण सिकाइको सम्पूर्ण कार्यगर्ने विद्यार्थीलाई नै प्राथमिकता दिनु भएको र शिक्षक आफूले सहयोगि भूमिका निर्वाह गर्नु भएको र विद्यार्थीको निश्कर्ष पश्चात अन्त्यमा शिक्षकले सारसंक्षेपमा बताउने गरे पनि कक्षामा सम्पूर्ण विद्यार्थी समान रुपमा सक्रिय बनेका छैनन । कक्षामा अगाडी बस्ने केही सिमित विद्यार्थी मात्र सिकाइमा सक्रिय रहेका र पछाडी बस्ने अधिकांस विद्यार्थी निश्क्रिय स्रोताको रुपमा मात्र रहेको पाइन्छ । यसबाट कक्षा अवलोकनको क्रममा शिक्षकले पनि कक्षामा अगाडी बस्ने र सिकाइमा सक्रिय रहने विद्यार्थीलाई मात्र बढि ध्यान दिएको तथा पछाडी बस्ने कक्षामा कम बोल्ने विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउन शिक्षकको ध्यान नभएको, ति विद्यार्थी प्रति शिक्षकको ध्यान कम गएको अनुभव गर्न सकिन्छ । तसर्थ कक्षाका सम्पूर्ण विद्यार्थीलाई समान व्यवहार गर्ने र सिकाइमा सक्रिय गराउन कक्षामा पछाडी बस्ने कम बोल्ने विद्यार्थीको धारणा लिने र उनिहरुलाई सिकाइमा सक्रिय रहन प्रेरीत गर्नु जरुरी देखिन्छ । प्रवचन र प्रश्नोत्तर विधिलाई नै प्रमुख रुपमा प्रयोग गरी शिक्षण सिकाइ गर्ने क्रममा विद्यार्थीको धारणा लीने क्रममा नै बढि समय वितेको हुँदा कक्षाको अन्त्यमा पाठको संक्षेपिकरण गर्न समय अभाव देखिएको थियो भने विद्यार्थीलाई विषयवस्तुको बारेमा धारणा व्यक्त गर्न लगाउने कार्यमा नै  समय व्यतित गरी कक्षा अन्त्य गर्नु भएको थियो । जनसंख्या शिक्षाको क्षेत्रका बारेमा बुँदागत रुपमा प्रत्येक क्षेत्रको छोटो सारांस कक्षाको विच विचमै गरे पनि कक्षा कार्यको अन्त्यमा सम्पूर्ण पाठको समग्रमा संक्षेपिकरण गर्ने र पाठको मूल्याङ्कन गर्ने काममा समय अभाव रहेको पाइयो । पाठ्यक्रम कार्यन्वयनको क्रममा हुने यस्ता अभावले कुनै पाठको शिक्षण पश्चात पाठ्यक्रमले उक्त पाठको बारे निर्धारण गरेका उद्देश्य पुरा भएर नभएको निश्चय गर्न कठिन हुने देखिन्छ ।

विद्यालय B मा तेस्रो कक्षा अवलोकन गरिएको दिन “स्वास्थ्य जनसंख्या तथा वातावरणका विभिन्न पक्षहरुको अन्तरसम्बन्ध” शिक्षण सिकाइ गर्नु भएको थियो । सो दिनमा पनि कक्षा व्यवस्थापनमा अघिल्ला दिनका भन्दा फरक पाइएन सम्पूर्ण डेक्स बेञ्च अगाडी फर्काएर राखीएको हावा प्रकाशको राम्रो व्यवस्था भएको तथा विद्यार्थी संख्याको आधारमा डेक्स बेञ्च पऱ्याप्त रहेको थियो भने White Board अगाडी भित्तामा सबै विद्यार्थीले देख्ने ठाउँमा झुण्डयाएको थियो । विद्यालयमा छलफल विधि प्रयोग गरी शिक्षण गर्न Round Table कुर्सी भएमा सहज हुने थियो । तर कक्षाकोठामा Round Table कुर्सी नभएर सम्पूर्ण डेक्स बेञ्च मात्र रहेका छन् । जुन पनि सम्पूर्णलाई अगाडी फर्काएर राख्नुको सट्टा U आकारमा कक्षामा घुमाएर राख्ने व्यवस्था भए एक विद्यार्थीबाट अर्को विद्यार्थीलाई White Board छेकिने सम्भावना रहदैन थियो भने त्यो विचको भाग बाट घुमेर शिक्षकले सम्पूर्ण विद्यार्थी समक्ष सहज रुपमा पुग्न उनीहरुको धारणा, समस्या बारे बुझ्न र नजिकको सम्बन्ध कायम राख्न सहयोग पुग्ने थियो ।

कक्षा अवलोकन भएको दिन नयाँ पाठको सुरुवात गर्नु पूर्व अघिल्लो दिनको पाठ बारेमा विद्यार्थीलाई साधारण प्रश्न सोधेर त्यसको जवाफ लिदै पुर्वपाठको पुनरावलोकन गराउने प्रयास गरे पनि हिजो हामीले के पढ्यौ ? आजको पाठ के हो ? जस्ता पाठको पुनरावलोकन गराउने अत्यन्तै कम महत्वका प्रश्न सोध्नु भएको हुँदा पुर्वपाठको पुनरावलोकन गर्नु भयो भन्नु जायज देखिदैन । नयाँ पाठ

“स्वास्थ्य जनसंख्या तथा वातावरणको विभिन्न पक्ष सँगको सम्बन्ध” White Board मा लेख्दै स्वस्थ्य जनसंख्या तथा वातावरण शिक्षाको कुन कुन पक्ष सँग सम्बन्ध रहेको हुन्छ भनि प्रश्न गर्नुभएको थियो । विद्यार्थीले पाठ्यपुस्तकमा भएका विविध पक्षहरु बताएका थिए जुन शिक्षकले White Board मा टिपेर ति प्रत्येक पक्षको पालै पालो गरेर विद्यार्थीलाई स्वास्थ्य जनसंख्या तथा वातावरण सँगको सम्बन्ध खोजी गर्न लगाउनु भएको थियो । विद्यार्थीले स्वास्थ्य जनसंख्या तथा वातावरणको विभिन्न पक्ष जस्तै आथिर्क पक्ष, विज्ञान तथा प्रविधि पक्ष, राजनीतिक पक्ष तथा मनोवैज्ञानिक पक्ष बारेमा छुट्टाछुट्टैको स्वास्थ्य जनसंख्या तथा वातावरण सँगको सम्बन्ध पहिचान गर्ने प्रयास गरे पश्चात ति सम्पूर्ण पक्ष बारेको स्वस्थ्य जनसंख्या तथा वातावरण सँगको सम्बन्धको खोजी र व्याख्या गर्नु भएको थियो । विद्यार्थीको जवाफलाई समर्थन गर्ने तथा शिक्षकको धारणा थप गर्दै त्यस्ता पक्षहरुको सम्बन्ध बारेमा शिक्षकले प्रवचन विधिको माध्यमबाट शिक्षण गर्नुभएको थियो । कुनै पनि विषयवस्तुबारे सर्वप्रथम विद्यार्थीको धारणा लिनु उनिहरुको उक्त विषयको बारेमा पुर्व अनुभव जाँच गर्नु शिक्षण सिकाइको सकारात्मक पक्ष हो । तर विद्यार्थीको धारणा बुझाईको जाँच गर्ने नाममा कक्षाको अगाडी बस्ने र बोल्ने २/४ जना विद्यार्थीको मात्र सहभागिता गराउनु तथा कक्षामा पछाडी बस्ने र कम बोल्ने विद्यार्थीको धारणा अनुभवको वेवास्ता गर्नु विद्यार्थी विचको विभेद भएको अनुभव हुन्छ ।

कक्षामा प्रश्नोत्तर तथा प्रवचन विधिलाई मुख्य रुपमा प्रयोग गरेर शिक्षक एक ज्ञानप्रदायकको रुपमा तथा साधारण रुपमा सहयोगी भूमिका निर्वाह गर्नु भएको कक्षामा छलफल विधिलाई प्रयोग गर्नु उपयुक्त देखिन्छ । कक्षामा दैनिक प्रयोगका सामग्री बाहेक अन्य कुनै पनि शैक्षिक सामग्री प्रयोग नगरेको कक्षा कार्यको अन्त्यमा पाठको साधारण संक्षेपीकरण गरेर कक्षा अन्त्य गर्नु भएको थियो । यो विद्यालयमा गरिएको ३ वटै कक्षा अवलोकनको अन्त्यमा गृहकार्य नदिएकोले गृहकार्यको महत्वलाई आत्मसात गर्न नसकेको पाइन्छ ।

व्यवहारिक ज्ञान सिप धारणा दिने स्वास्थ्य, जनसंख्या तथा वातावरणको छुट्टा छुट्टै विषयवस्तु समायोजन गरेर तयार पारिएको स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको शिक्षण गर्न विद्यालय B मा शिक्षकले पाठ्यपुस्तकलाई भन्दा पाठ्यक्रमको उद्देश्यलाई नै बढी महत्व दिने गरेको र पाठ्यपुस्तकमा पाठ शीर्षक मात्र हेर्ने गरेको बताए पनि विद्यार्थीले पुस्तककै आधारमा भनेका बुँदाको आधारमा मात्र कक्षा शिक्षण गर्नु भएकोले पाठ्यपुस्तकको नै बढि प्रयोग भएको अनुभव गर्न सकिन्छ । शिक्षणको क्रममा छलफल, प्रश्नोत्तर विधि प्रयोग गर्ने तथा परियोजना गर्न लगाउने बताए पनि कक्षा अवलोकनको क्रममा प्रवचन विधिलाई जोड दिएको देखिन्छ । पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूनाका अनुसार परिवर्तित पाठ्यक्रम सफल कार्यन्वयन गर्न विद्यालयमा पनि पाठ्यक्रमको आवश्यकता अनुरुप दिर्घकालीन रुपमा सुधार तथा स्रोत साधनको नविकरण गर्नुपर्ने भएपनि यहाँ पाठ्यक्रमले सिफारिस गरेका छलफल, अभिनय विधि प्रयोग गर्न Round Table को व्यवस्था गर्नु पर्ने अथवा अग्रेजी अक्षर यु आकारमा डेक्स बेञ्च व्यवस्थापन गर्नुपर्ने तथा अभिनयका लागि पऱ्याप्त खाली ठाउ आवश्यक पर्छ भने स्थलगत भ्रमण गराउन परियोजना कार्य गराउन पऱ्याप्त समय आवश्यक पर्ने भएपनि ति कुनै पनि

व्यवस्था विद्यालय B मा रहेको पाइन्न जसले गर्दा पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूनाको दृष्टिकोण बाट हेर्ने हो भने स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम सफल कार्यान्वयन गराउन आवश्यक पुर्वाधारको अभाव देखिन्छ ।

विद्यालयमा विद्यार्थीलाई परियोजना कार्य गर्न दिने सोको प्रतिवेदन अभिलेख राख्ने तथा विद्यालय क्षेत्र भित्रको वातावरण सफाइ गर्न लगाउने तथा यस्ता कार्यमा विद्यार्थीको सक्रियताको आधारमा २५ पुर्णाङ्कको प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्ने जसका लागि पाठ्यपुस्तकमा दिएका क्रियाकलापबाट नै काम गराउने गरे पनि सिकाइमा विद्यार्थी सक्रिय नरहनु लाई नै विषयशिक्षकले मुख्य समस्याको रुपमा लिएका भए पनि सिकाइमा निश्क्रिय रहने ति अधिकांश विद्यार्थीलाई सिकाइमा सक्रिय गराउने तर्फ शिक्षकको पहल कदमि नरहेको कक्षा अवलोकनको क्रममा स्पष्ट देखिएको थियो । यौन तथा प्रजनन स्वास्थ्य परिवार योजना बारेका पाठ पढाउदा अझ छात्राहरुको सहभागिता न्यून रहन्छ । उनीहरुलाई सिकाइमा दोहोरो सञ्चार गरी सिक्ने सिकाउने वातावरण श्रृजना गर्न नसकेको विषय शिक्षकको स्विकार रहेको छ । त्यस्ता सिकाइमा निश्क्रिय विद्यार्थीलाई सिकाइमा सक्रिय गराउन पढाइ प्रति रुचि र चासो बढाउनु पर्ने तथा विद्यार्थीलाई उत्प्रेरित गर्नुपर्ने भएपनि शिक्षकले त्यतातर्फ ध्यान नदिएर आफ्नो रोजगारीको सवालमा केन्द्रित रहेको आभाष हुन्छ ।

**विद्यालय C मा कक्षा आलोकन**

विद्यालय C मा प्रथम कक्षा अवलोकन भएको दिन परिवारीक जिवन शिक्षाको परिचय शिक्षणसिकाइ भएको थियो । सो दिनको कक्षा अवलोकनलाई हेर्दा विद्यार्थी संख्या अनुसार डेक्स, बेञ्च, पऱ्याप्त रहेका र सबै डेक्स बेञ्च विद्यालय ए, बि मा जस्तै कक्षामा अगाडी फर्काएर राखिएको छ । White Board सबै विद्यार्थीले देख्ने ठाउँमा झुण्ड्याएको तथा हावा प्रकाशको राम्रो व्यवस्था भएको थियो । जुन परम्परागत रुप बाट नै गरिएको कक्षा व्यवस्थापन हो । पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूना अनुसार परिवर्तित पाठ्यक्रमलाई कार्यान्वयन गर्न विद्यालयलाई दिर्घकालिन रुपबाट विकास र सुधार गर्ने, समस्याको समाधान गर्ने, स्रोत साधनको नविकरण गर्ने जस्ता सुधारका प्रयास अपनाएर पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने धारणा यस नमूनाको रहेको छ । तर पाठ्यक्रम कार्यान्वयनको यो नमूना अनुसार विद्यालयमा हाल भइरहेको पाठ्यक्रम कार्यन्वयनलाई हेर्ने हो भने न त विद्यालयको सुधार गरिएको छ नत स्रोत साधनको नविकरण गरिएको छ । वि.सं. २०६४ मा परिमार्जन गरीएको पाठ्यक्रम अनुरुप विद्यालयमा स्रोत साधन नविकारण गरिएको छैन परिवर्तित पाठ्यक्रम अनुरुप छलफल, अभिनय प्रदर्शन विधि प्रयोग गरि शिक्षण गर्नुपर्छ भन्ने सिफारिस गरेपनि जसकालागि कक्षामा Round Table राख्नु पर्ने अथवा डेक्स बेञ्च नै भए पनि अंग्रेजी वर्ण यु आकारमा राखेर विद्यार्थी वस्ने व्यवस्था भएको भए उपयुक्त हुनेथियो । जुन अवस्था विद्यालयमा छैन जसले गर्दा पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूना अनुरुप पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन गर्ने गरी कक्षा व्यवस्थापन नभएको पाइन्छ ।

नयाँ एकाई सुरुवात गर्नु भएको हुँदा पुर्व पाठको पुनरावलोकन नगर्नु भएको तथा उक्त दिन शिक्षण गर्नु भएको पाठ "पारिवारिक जिवन शिक्षाको परिचय" पाठ्यक्रममा असम्बन्धित रहेको छ । पाठ्यक्रमको कार्यान्वयन गर्ने कार्यमा पाठ्क्रममा नै उल्लेख नभएको पाठ शिक्षण गर्नुले पाठ्यक्रम कार्यान्वयनमा शिक्षकको संवेदनशिलता तथा पाठ्यक्रम कार्यान्वयन गर्ने क्रममा यसको प्रयोग कुन हद सम्म भएको छ भन्ने कुरा छर्लङ्ग भएको छ भने अर्को पक्ष नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यक्रम कार्यान्वयन गराउन सोहि निकायले प्रकाशन गरेको पाठ्यपुस्तक र पाठ्यक्रम विचको वेमेल लाई पनी उदाङ्गो बनाएको छ । कक्षाकार्यको सुरुवात गर्ने क्रममा पाठशीर्षक बोर्डमा लेख्दै शिक्षकले पाठ्यपुस्तकमा भएकै कुरा विद्यार्थीलाई बताउनु भएको तथा पुस्तक मै लेखिएका मुख्य मुख्य बुँदा बोर्डमा टिपेर त्यसको व्याख्या गर्नुभएको थियो । व्याख्या पश्चात सो दिनको पाठ पारिवारीक जिवन शिक्षाको परिचय बारेमा विद्यार्थीलाई छोटो नोट लेखाउनु भएको सो लेखनलाई विद्यार्थीलाई वाचन गर्न लगाउनु भएको थियो । शिक्षकले पाठ्यक्रमको कार्यन्वयन गर्ने क्रममा पाठ्यक्रमलाई वेवास्ता गर्ने र पाठ्यपुस्तकमा लेखिएका कुरा मात्र विद्यार्थीलाई बताउने शिक्षकको कार्य एक प्रकार भन्ने हो भने पाठ्यपुस्तकको वाचन मात्र हो । अर्कातर्फ विद्यार्थीलाई लेखाएको नोट वाचन गर्न लगाएर विद्यार्थी सक्रिय बनाउने प्रयास गर्नु भएको हो भने विद्यार्थीको सक्रियता कति भयो ? विद्यार्थीको वाचन सिप त विकास होला तर सिकाइमा सक्रियता त न्यून नै रह्यो नी ।

उक्त कक्षा अवलोकनको दिनमा शिक्षक एक विषयवस्तुको बारेमा ज्ञाता भएर ज्ञान प्रदानकर्ताको रुपमा रहनुभएको थियो भने विद्यार्थी निश्क्रिय स्रोतको रुपमा रहि शिक्षकको निर्देशन पालन गर्ने निकायको रुपमा रहेका थिए । विद्यार्थीको लागि सञ्चालन गरीने शिक्षण सिकाइमा स्वयम विद्यार्थीलाई निश्क्रिय रुपमा राखेर शिक्षक सक्रिय रहनु शिक्षकका निम्ति मात्र फलदायी देखिन्छ । यो पाठ शिक्षण गर्न छलफल विधिलाई प्रयोग गर्न सकिने भएपनि शिक्षक सर्वेसर्वा रहने प्रवचन विधिलाई नै प्रयोग गरिएको थियो भने दैनिक प्रयोगका सामग्री भन्दा अन्य कुनै पनि शैक्षिक सामग्री प्रयोग नगरे पनि कक्षाको विच विचमा विद्यार्थीलाई साधारण प्रश्न सोधेर पाठको मूल्याङ्कन गर्नुभएको थियो भने अन्त्यमा पाठको संक्षेपिकरण गरेर कक्षाको अन्त्य गर्नु सवल पक्ष देखिन्छ । पाठ्यक्रमको सफल र प्रभावकारी कार्यान्वयन गर्न यसले निर्धारण गरेका विधीको प्रयोग गरी तोकिएका क्रियाकलाप गराउनु पर्ने भएपनि यस विद्यालयका शिक्षकमा जागिरको सवालका निम्ती काम टोल्ने प्रवृतिलाई देखाउछ ।

विद्यालय C मा दास्रो कक्षा अवलोकन भएको दिन "परिवारको आकार" शीर्षकमा शिक्षण सिकाइ भएको थियो । कक्षा व्यवस्थापन पूर्ववत रुपमा रहेको थियो । पाठ्यक्रमको कार्यान्वयन गर्ने क्रममा गरिएको शिक्षण सिकाइको विषयवस्तु "परिवारको आकार" पाठ्यक्रममा असम्बन्धित रहेको छ । पाठ्यक्रमको कार्यान्वयन गर्न गरीने शिक्षण सिकाइ पाठ्यक्रम सँग सम्बन्ध नै नराख्ने विषयवस्तुको बारेमा शिक्षण गरेपछि त्यहाँ पाठ्यक्रमको के कार्यान्वयन भयो ? कक्षाकार्य सुरु गर्ने क्रममा अघिल्लो दिन के पढ्यौ ? आजको पाठ के हो भन्ने जस्ता प्रश्न विद्यार्थीलाई गरे पनि पुर्वपाठको पुनरावलोकन गर्न त्यस्ता प्रश्न मात्र पऱ्याप्त देखिदैन । कक्षा अवलोकन भएको दिनको नयाँ पाठ शीर्षक "परिवारको

आकार" बोर्डमा लेख्दै पाठ प्रवेश गरेर पाठ्यपुस्तकमा लेखिएको अनुच्छेद विद्यार्थीलाई पालै पालो एक एक जना गरी सस्वर वाचन गर्न लगाउनु भएको र विद्यार्थीले वाचन गरे पश्चात शिक्षकले साधारण व्याख्या गर्नु पाठ्यक्रमको कार्यान्वयनमा खास अर्थपूर्ण देखिदैन । यसरी शिक्षण सिकाइ गर्नु भनेको पाठ्यक्रमको कार्यान्वयन गर्ने कार्यको रुपमा पाठ्यक्रमको उत्पादन पाठ्यपुस्तकको वाचन मात्र हो ।

शिक्षण सिकाइको मुख्य केन्द्रविन्दु विद्यार्थीलाई बनाएर शिक्षण सिकाइका क्रियाकलाप सञ्चालन गर्नु पर्ने भएपनि यहाँ विद्यार्थीलाई शिक्षकको आज्ञापालन मात्र गर्ने निश्क्रिय स्रोताको रुपमा राखेर शिक्षक कक्षामा हावि भई प्रवचन विधि मार्फत विषयवस्तुको व्याख्या मात्र गर्नुले पाठ्यक्रम र यसलले निर्धारण गरेका विधि, क्रियाकलाप बारेको बेवास्ता तथा पाठ्यक्रमको कार्यान्वनयमा गैर जिम्मेवारीपन देखापर्दछ भने यस्तो क्रियाकलापले शिक्षकको आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्रका आधारमा रोजगारीको सवालमा मात्र केन्द्रित रहेको भनि टिप्पणि गर्ने ठाउँ रहन्छ । दैनिक प्रयोगका सामग्री बाहेक अन्य कुनै पनि शैक्षिक सामग्री प्रयोग नगरिएको कक्षा कार्यमा विद्यार्थीले सिकाय प्रति चासो लिएर सिकाइमा सक्रिय रहने प्रवृतिको विकास भएको पाइन्न । कक्षा कार्यको क्रममा विच विचमा प्रश्नोत्तर मार्फत पाठको बारेमा विद्यार्थीको बुझाइ र धारणाको जाँच गर्ने प्रयास गर्नु तथा कक्षाको अन्त्यमा पाठको साधारण संक्षेपिकरण गर्नु उपयुक्त देखिन्छ । तर शिक्षण सिकाइको क्रममा गर्नु पर्ने मुख्य क्रियाकलापक नै पाठ्यक्रमको मर्म अनुरुप सन्तोषजनक रुपमा प्रस्तुत नभएपछि त्यस्ता क्रियकलापको संक्षेपिकरण गर्ने कार्यलाई खास उपयोगी रुपमा नलिनु नै उपयुक्त होला ।

विद्यालय C मा तेस्रो कक्षा अवलोकन भएको दिन आमावावुको भूमिका शिक्षण भएको थियो । कक्षा व्यवस्थापन पुर्ववत रुपमा सबै डेक्स बेञ्च अगाडी फर्काएर राखीएको थियो । पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूना अनुसार पाठ्यक्रमको आवश्यकता अनुसार स्रोत साधन नविकरण सुधार गर्नु पर्ने भएपनि विद्यालयमा भौतिक पुर्वाधार लगायत अन्य स्रोत साधन अनि शिक्षण विधि सम्म परम्परागत रुपभन्दा केहि फरक रहेको पाइन्न भने पाठ्यक्रमको मर्म अनुरुपको छलफल, अभिनय, प्रदर्शन विधिहरु प्रयोग गरी शिक्षण गर्न भौतिक संरचना लगायत अन्य स्रोत साधन अभाव देखिन्छ । कुनै दिन नयाँ पाठको सुरुवात गर्नु अगाडि पुर्व पाठको पुनरावलोकन गराएर मात्र नयाँपाठ सुरुवात गर्नु उपयुक्त हुने देखिए पनि पाठ्यक्रममा आधारित यो पाठ आमावावुको भूमिका शिक्षण गर्नु अगाडी पुर्वपाठको पुनरावलोकन नगरी सोझै नयाँ पाठमा प्रवेश गर्नु भएको थियो भने जुन अघिल्लो पाठ बारेमा विद्यार्थीको बुझाई वा उपलब्धि बारे शिक्षकको बेवास्ता देखिन्छ ।

नयाँ पाठ शीर्षक White Board का लेख्दै विद्यार्थीलाई पालै पालो एक, एक अनुच्छेद पढ्न लगाउनु भएको र सो अनुच्छेद बारे किताबमै भएका कुराबाट शिक्षकले साधारण व्याख्या गर्नुभएको थियो । आज कक्षा ९/१० मा पढ्ने किशोर किशोरीहरु निकट भविष्यका आमावावु हुन तसर्थ यो पाठ आमावावुको भूमकि बारे शिक्षण गर्न भोलि आफूपनि आमावावु भएपछि कस्तो भूमिका निर्वाह गर्नुपर्छ भनि आपसमा पऱ्याप्त छलफल गराएर व्यवहारीक ज्ञान दिनु पर्ने भए पनि पाठ्यपुस्तक पढ्न लगाएर

साधरण व्याख्या मात्र गर्ने क्रियाकलापकले यो पाठले दिन खोजेको व्यवहारीक ज्ञानको आषय पुरा गर्न नसक्ने देखिन्छ । शिक्षकले गरेको व्याख्या पछि पाठ बारेमा विद्यार्थीलाई नोट लेखाउनु भएको थियो जसले विद्यार्थीलाई कक्षामा शिक्षकको निर्देशन पालन मात्र गर्ने निश्क्रिय स्रोताको रुमपा राख्ने र विषयवस्तु प्रति बुझ्ने भन्दा घोक्ने धारणाको विकास गराउन खोजेको संकेत मिल्छ । दैनिक प्रयोगका बाहेक कुनै पनि शैक्षिक सामग्रीको प्रंयोग नगरीकन प्रवचन विधिलाई नै प्रयोग गरेर गरिएको व्याख्याले शिक्षक कक्षाकोठामा विषयविज्ञको रुपमा ज्ञान प्रदायक व्यक्तित्वको रुपमा हावि भएको पाइन्छ । विद्यार्थीलाई सिकाइ प्रति चासो र चिन्ता उत्पन्न गराउने तथा सिकाइमा सक्रिय सहभागिता गराउने तर्फ शिक्षकको ध्यान जान नसके पनि आफूले व्याख्या गरेको विषयवस्तु बारे पाठको विच विचमा प्रश्न सोधेर पाठको बारेमा विद्यार्थीको बुझाइ जाँच गर्नुभएको तथा अन्त्यमा पाठको साधारण संक्षेपिकरण गर्ने शिक्षकको कार्य उल्लेख्य देखिन्छ ।

स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षालाई माध्यमिक तहमा वि.सं. २०५६ बाट मात्र अनिवार्य विषयको रुपमा समावेश भएको यो विषयले व्यवहारिक ज्ञान सिप दिने हुँदा शिक्षण गर्न शिक्षक निर्देशिका पाठ्यपुस्तक, शैक्षिक सामग्री प्रयोग गर्छु भनेर विद्यालय C का विषयशिक्षकले बताए पनि वि.सं. २०६४ मा पाठ्यक्रम परिमार्जन भएपछि कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको नँया शिक्षक निर्देशिका प्रकाशन नै भएको छैन के प्रयोग गर्नुहुन्छ भन्ने शोध कर्ताको प्रतिप्रश्नमा विषय शिक्षकले आफ्नो कुरामा ढिड लिदै शिक्षक निर्देशिका प्रयोग गर्छु भन्नुले शोधकर्तालाई झारो टार्न बनावटी उत्तर दिएको संकेत मिल्छ । अन्तरवार्ताको क्रममा पाठको प्रकृति अनुसार शैक्षिक सामग्री प्रयोग गर्ने तथा प्रश्नोत्तर छलफल जस्ता विधि प्रयोग गरेर शिक्षण गर्ने गरेको विषय शिक्षकले बताए पनि कक्षा अवलोकन भएका ३ दिन मा शैक्षिक सामग्री प्रयोग गरीएन भने प्रवचन विधि लाईनै प्रमुख रुपमा प्रयोग गरीएको थियो । पाठ्यक्रममा यो विषय शिक्षण गर्न विद्यालय वरपरका क्षेत्र र वस्तुलाई शैक्षिक सामग्री प्रयोग गर्न सकिन्छ र प्रदर्शन प्रश्नोत्तर, छलफल, अभिनय, खोज, अवलोकन जस्ता विधि प्रयोग गरेर शिक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । पाठ्यक्रम सफल कार्यान्वयन गराउन पाठ्यक्रमको आवश्यकता अनुसार विद्यालयलाई दिर्घकालिन रुपमा सुधार गर्ने समस्याको समाधान गर्ने तथा स्रोत साधनको नविकरण गर्नुपर्ने आषय भए पनि यहाँ परिवर्तित पाठ्यक्रमको सिफारिस अनुसारको शिक्षण विधि छलफल, अभिनय, खोज, अनुसन्धान शिक्षण विधि प्रयोग गर्न आवश्यक पूर्वाधार विद्यालयमा अभाव रहेकै कारण पनि शिक्षण प्रवचन विधि लाई नै बढि जोड दिएको हुन सक्छ भने त्यस्ता विधि प्रयोग नभएपछि पाठ्यक्रम वास्तविक रुपमा कार्यान्वयन गर्न शिक्षक असफल भएको हो की भन्ने भान हुन्छ ।

विद्यालयमा भएका विभिन्न समस्या मध्ये कक्षाकोठामा विद्यार्थीको सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता नरहनु पनि एक प्रमुख समस्याको रुपमा रहेको छ । अन्य विषयवस्तु शिक्षण गर्दा पनि कक्षाका सम्पूर्ण विद्यार्थी सक्रिय रहदैनन भने यौन तथा प्रजनन स्वास्थ्य पारिवारीक जिवनशिक्षा जस्ता विषयवस्तु शिक्षण गर्दा विद्यार्थीको सहभागिता न्यून रहन्छ त्यसमा पनि यस्ता पाठ शिक्षण गर्दा छात्राको सक्रियता अत्यन्तै न्यून रहन्छ । शिक्षकले विद्यार्थीलाई सक्रिय गराउने तर्फ चालीएको कदम प्रभावकारी

भएको पाइदैन भने पाठ्यक्रम कार्यान्वियनको संगठनात्मक विकास नमूनाको अनुसार विद्यालयका समस्या समाधान गर्न शिक्षक शिक्षक, शिक्षक प्र.अ. सँग निरन्त अन्तरक्रिया गरी साझा धारणाको विकास गरेर समस्या समाधान गर्नुपर्ने भएपनि विद्यर्थीको सिकाइप्रतिको न्यून सक्रियतालाइ बढाउने तर्फ शिक्षक, प्र.अ. बिच अन्तरक्रिया गर्ने र नँया उपायको खोजी गर्ने प्रयास गरेको पाइदैन । जसले पाठ्यक्रमको वास्तविक प्रभावकारी रुपमा कार्यन्वयन गरी विद्यार्थीको उपलब्धी बढाउने तर्फ शिक्षक तथा विद्यालय प्रशासनले भरपुर प्रयास नगरेको ठहरीन्छ ।

माध्यमिक तहको स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रमको मर्म अनुरुप यस विषयको २५ पुर्णाङ्कको प्रयोगात्मक कार्य गर्न पाठ्यक्रमले निर्देश गरे अनुरुप नै विद्यालय C मा पाठ्यपुस्तकका विभिन्न क्रियाकलापलाई परियोजना कार्यको रुपमा गर्न लगाउने त्यस्ता परियोजना प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने त्यस्ता प्रतिवेदनको अभिलेख राख्ने, विद्यालय हाता क्षेत्र भित्र वातावरण सरसफाइमा विद्यार्थीलाई सहभागिता गराउने र त्यस्ता कार्यमा विद्यार्थीको सक्रियताको आधारमा मूल्याङ्कन गर्ने गरेको छ । जुन पाठ्यक्रमको सिफारिस अनुसार गराउने गरेको क्रियाकलापले पाठ्यक्रमको प्रयोगात्मक क्रियाकलापको वास्तविक प्रयोगलाई देखाउछ ।

## ४.३ पाठ्यक्रम कार्यन्वयनलाई प्रभावकारी बनाउन चालीएका कदमहरु

विद्यालय तहको पाठ्यक्रम प्रभावकारी रुपमा यसको मर्म र अपेक्षा अनुरुप नै कार्यान्वयन गर्न सकेमा मात्र अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ जसका लागि विद्यालयमा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन कस्ता उपाय अवलम्बन गरिएको छ र त्यसको प्रभाव कस्तो रहेको छ भनि विश्लेषण गर्नु आवश्यक देखिन्छ । तसर्थ यहाँ पाठ्यक्रम कार्यान्वनलाई प्रभावकारी बनाउन चालीएका कदमको लेखाजोखा गर्न लिइएको नमूना विद्यालय मध्ये विद्यालय A मा शिक्षकहरु B.Ed., M.Ed. गरेका तालीम प्राप्त राख्ने र सेवाकालीन तालीमको रुपमा Teacher Professional development Training(TPDT) मा पठाउने गरेका छौ भनि उक्त विद्यालयका प्र.अ. ले बताए पनि स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विषय शिक्षक हालसम्म तालीम अप्राप्त हुनुहुन्छ भने उहाँको ६ वर्षे शिक्षण अनुभाव मा कुनै पनि तालिम नलीएको सन्दर्भमा उक्त विद्यालयका प्र.अ. ले कक्षा ९ को स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विषय शिक्षकको TPDT मा जाने पालो आउदै छ भनेर पन्छिन खोज्नु भएको छ स्वास्थ्य जनसंख्या तथा वातावरण जस्तो व्यवहारीक ज्ञान दिने पाठ्यक्रम कार्यान्वियन गर्ने शिक्षक हाल सम्म तालीम अप्राप्त हुनुले उक्त विद्यालयका प्र.अ. तथा सम्बन्धित विषय शिक्षक पेशागत दक्षता बृद्धिगरी जिम्मेवारी बोध गर्ने भन्दा पनि रोजगारीको सवालमा केन्द्रित रहेको देखिन्छ ।

पाठ्यक्रम कार्यान्वयनको क्रममा शिक्षकलाई विभिन्न समस्या आउन सक्छन् । त्यस्ता समस्या समाधान गर्न अन्य शिक्षक तथा प्र.अ. को सहयोग लिएमा समाधानको प्रभावकारी उपाय निस्कन सक्छ भने शिक्षणलाई पनि प्रभावकारी रुपमा सञ्चालन गर्न अन्य शिक्षक तथा प्र.अ. सँग धारणहरु साटासाट गर्न सकिन्छ । तर विद्यालय A मा त्यस्तो प्रचलनको सुरुवात नै हुन सकेको छैन नत कुनै शिक्षकले

शिक्षणमा आएका समस्या अन्य शिक्षक साथी वा प्र.अ. समक्ष राख्छन् नत कुनै पाठ नै कसरी पढाए राम्रो होला भनेर अरु सँग छलफल नै गर्छन । तसर्थ यस विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्न कुनै पनि विषयमा शिक्षकले आफूले पनि अरु शिक्षक समक्ष समस्या नराख्ने र अरुको पनि वास्ता नगर्ने र आफ्नो विषय पढाएपछि मेरोकाम सकियो भन्ने धारणाको विकास भएको पाइन्छ ।

पाठ्यक्रम कार्यान्वयनको संगठनको संगठनात्मक विकास नमूना अनुसार पाठ्यक्रमको सफल कार्यान्वयन गर्न शिक्षक प्रशासन सुपरिवेक्षक विच निरन्तर अन्तरक्रियाको आवश्यकता पर्छ । पाठ्यक्रमको कार्यान्वनय गर्न सामुहिक अन्तरक्रियात्मक प्रकृयाको रुमपा संगठनका मुद्दालाई सम्बोधन गर्नु पर्ने तथा कार्यमुलक अनुसन्धान अपनाउनु पर्दछ यसो गर्नाले समस्या समाधानमा सामुहिक भावनाको विकास गरी समुह क्रियाकलापमा जोड दिनाले पाठ्यक्रम कार्यान्वयनमा सहजता आउने धारणा पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूनाकोरहे पनि विद्यालय A मा शिक्षणलाई प्रभावकारी बनाउन तथा समस्या समाधनमा आपसि अन्तरक्रिया गर्ने र सामूहिक प्रयासबाट समाधानका उपाय खोजी गरी पाठ्यक्रम कार्यन्वयनमा सहजता ल्याउने कार्यको सुरुवात सम्म पनि भएको पाइदैन अर्कातर्फ विद्यालयको पूर्वाधार तथा स्रोत साधनलाई नविकरण तथा परिमार्जन नगरी परम्परागत रुपको यथास्थीतिमा व्यवस्थापन गरिएको छ । विद्यार्थीको सिकाई उपलब्धि मूल्याङ्कनको लागी अवलोकन गर्ने,लिखीत परिक्षालिने,परियोजना कार्य तथा घटना अध्ययन गर्नुपर्ने व्यवस्था पाठ्यक्रममा भएपनि विद्यालयमा विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गर्न मुलत प्रथम त्रैमासिक दोस्रो अर्धवाषिक तथा वार्षिक लिखित परिक्षा लिने गरिएको छ भने प्रयोगात्मक कार्यकोलागी परियोजना कार्य दिने तथा त्यस्ता कार्यमा विद्यार्थीको सहभागिता अभिलेख राख्नेगरे पनि अवलोकन,घटना अध्ययन विधि प्रयोग गरिएको छैन । तसर्थ विद्यालय A मा माध्यमिक तहको स्वास्थ्य जनसंख्या तथा वातवारण शिक्षाको पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन चाल्नु पर्ने विभिन्न कदमहरुको सुरुवात सम्म भएको छैन र शिक्षकहरु विद्यालयमा पेशागत सुरक्षाका निम्ति दक्षता वृद्धि गर्ने र जिम्मेवारी वोध गर्ने अर्फ भन्दा पनि रोजगारी तर्फ मात्र केन्द्रित रहेको भन्दा अत्युक्ति नहोला ।

पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन चालीएका कदमहरुको लेखाजोखा गर्न अध्ययन गरिएको विद्यालय B का स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाका विषय शिक्षक B.Ed., M.Ed. गर्नु भएका तालीम प्राप्त हुनुहुन्छ भने पुर्नताजकीकरण तालीमको रुपमा Teacher Professional development Training(TPDT) लिनुभएको छ । यस अध्ययनको क्रममा शिक्षण सिकाइ बारे शिक्षक साथीहरु सँग तथा प्र.अ. सँग अन्तरक्रिया छलफल गर्छौ साथै तालिममा सिकेका कुराहरु मध्ये शैक्षिक सामग्रीको प्रयोग नगरे पनि अन्य विधि प्रयोग गरेर विषयवस्तुको ज्ञान दिन कन्जुस्याइ गर्दैनौ भन्ने विषय शिक्षकको अभिव्यक्तिलाइ उक्त विद्यालयका प्र.अ. को भनाइले पनि पुष्टि गर्छ । यस विद्यालयमा शिक्षणलाई प्रभावकारी बनाउन प्रत्येक शिक्षकले Teaching improvement plan बनाएर सो अनुरुप शिक्षण गरेका छन् भने कुनै शिक्षक तालीम बाट फर्केपछि एकदिन विशेष कार्यक्रम नै राखेर तालीममा

सिकेका कुरा अन्य सम्पूर्ण शिक्षक समक्ष प्रवोधिकरण गर्ने कार्यक्रम सञ्चालन गर्नु यस विद्यालयको पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वियन गराउन चालीएको सकारात्मक कदम मान्न सकिन्छ ।

शिक्षण सिकाइको क्रममा कुनै समस्या आए अन्य शिक्षक तथा प्र.अ. समक्ष राख्ने गरेको तथा कुनै शिक्षक बाट यस्ता समस्या आएमा शिक्षक तथा प्र.अ. ले आपसमा छलफल गरी सामुहिक प्रयासबाट समाधानको उपाय निकाल्ने गरिएको छ । जुन पाठ्यक्रम कार्यान्वियवनमा संगठनात्मक विकास नमुनाको दृष्टिकोण बाट पनि पाठ्क्रम सफल कार्यन्वियन गराउने सकारात्मक कदम हो । पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूना अनुसार नै विद्यालय B मा पाठ्यक्रम कार्यान्वियन गर्न शिक्षक, प्र.अ. सँग निरन्तर अन्तरक्रिया गर्ने, कुनै समस्या आएमा समाधानका लागि सामुहिक प्रयासबाट साझा धारणाको विकास गरी समाधानको उपाय खोजी  गर्ने गरिएको छ जुन पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूना अनुसार पाठ्यक्रमको सफल कार्यान्वियन गराउने प्रभावकारी उपाय हो । यति हुँदा हुँदै पनि पाठ्यक्रमको कार्यान्वयनको संगठनात्मक विकास नमूना अनुसार पाठ्यक्रमको सफल कार्यन्वयन गर्न विद्यालयलाई पाठ्यक्रमको आवश्यकता अनुसार दिर्घकालीन रुपबाट विकास गर्नु पर्ने तथा स्रोत साधनको नविकारण गर्नु पर्ने भएपनि वि.सं. २०६४ मा परिमार्जित माध्यमिक तहको स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रमले तोकेका शिक्षण विधि प्रयोग गरी कार्य गराउन आवश्यक पर्ने पुर्वाधारको व्यवस्था हुन सकेको पाइदैन जसले पाठ्यक्रमको प्रावकारी कार्यान्वियन गर्न बाधा उत्पन्न गर्ने देखिन्छ भने पाठ्यक्रमले तोकेका शिक्षण विधि अनुसारको शिक्षण गर्न सहज हुने गरी पुर्वाधार सुधार गर्ने तर्फ विद्यालयको ध्यान केन्द्रित नभएको देखिन्छ । अर्कातर्फ विद्यार्थीको सिकाई उपलब्धि मूल्याङ्कनको लागी अवलोकन गर्ने,लिखीत परिक्षालिने,परियोजना कार्य तथा घटना अध्ययन गर्नुपर्ने व्यवस्था पाठ्यक्रममा भएपनि विद्यालयमा विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गर्न मुलत प्रथम त्रैमासिक दोस्रो अर्धवाषिक तथा वार्षिक लिखित परिक्षा लिने गरिएको छ भने प्रयोगात्मक कार्यकोलागी परियोजना कार्य दिने तथा त्यस्ता कार्यमा विद्यार्थीको सहभागिता अभिलेख राख्नेगरे पनि अवलोकन,घटना अध्ययन विधि प्रयोग गरिएको छैन ।

पाठ्यक्रम कार्यान्यनलाई प्रभावकारी बनाउन चालीएका कदमहरुको लेखाजोखा गर्न अध्ययन गरिएको विद्यालय C मा शिक्षकहरु तालीम प्राप्त नियुक्त गरिएको छ । शिक्षाशास्त्र संकाय अध्ययन गरी B.Ed., M.Ed. गरेका शिक्षक नियुक्त गर्नु तथा शिक्षण पेशामा प्रवेश पश्चात पुर्नताजकीकरण तालीमको रुपमा शिक्षकलाई Teacher Professional development Training मा सहभागि गराउने गरिएको छ । जसले पाठ्यक्रम कार्यान्वयनको मुख्य काम शिक्षण सिकाइमा आएका नयाँ विधिहरु प्रयोग गरी क्रियाकलाप सञ्चालन गर्ने ज्ञान सिप धारणाको विकास गराउछ । साथै प्र.अ.ले शिक्षण सिकाइ बारेमा बेला बोलामा शिक्षक बिच छलफल गर्छौ भने पनि विषय शिक्षकले शिक्षण बारे शिक्षकसँग खासै छलफल सोधखोज हुदैन भने पछि प्र.अ. र विषय शिक्षक विचको कुरामा तालमेल पाइदैन । जसले शिक्षक तथा प्र.अ. विचको अन्तरक्रियाको फितलो पनलाई देखाउछ । पाठ्यक्रम कार्यन्वयनको संगठनात्मक विकास नमूना अनुसार विद्यालय प्रशाषक, शिक्षक सुपरिवेक्षक विच निरन्तर अन्तरक्रिया

गर्नाले सुधारको आधार तयार हुन्छ र पाठ्यक्रम कार्यान्वयनका विभिन्न मुद्दामा सामुहिक अन्तरक्रिया गर्नाले समूहभावनाको विकासभई पाठ्यक्रम कार्यान्वयनमा सहजता आउने भएपनि विद्यालयमा त्यस्तो अन्तरक्रिया गरी सामुहिक भावनाको विकास गर्ने तर्फ ध्यान गएको छैन ।

पाठ्यक्रम कार्यान्वयनको प्रमुख कार्य शिक्षण सिकाइलाई प्रभावकारी वनाउन दैनिक पाठयोजना बनाएर शिक्षण गर्ने गरेको जसका लागि शिक्षकलाई इनोभेटिभ डायरी पेन दिने गरेको शिक्षक, प्र.अ. ले बताए पनि कक्षा अवलोकन बाट सो कुरा पुष्टि हुदैन होला शिक्षकलाई डायरी पेन त दिइएको होला तर त्यसको प्रयोग गरेर पाठयोजना बनाउने र शिक्षण गर्ने गरेको देखिदैन । पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन चालीएको कदम डायरी र पेन वितरण गर्नु त सकारात्मक मानिन्छ तर त्यसको कार्यान्वयन पक्ष भने फितलो देखिन्छ । विद्यालयमा शिक्षण सिकाइको क्रममा आएका समस्या समाधान गर्न हो वा शिक्षणलाई प्रभावकारी रुपमा शिक्षण गर्ने उपायको खोजी गर्न होस अन्य शिक्षक तथा प्र.अ. सँग सहयोग लीने, आपसमा छलफल गर्ने सामुहिक रुपमा समस्या समाधान गर्ने जस्ता प्रयासको थालनि विद्यालयमा भएको छैन । शिक्षकले आफ्नो पनि कुनै समस्या अन्य शिक्षक सँग नराख्ने र अरुको पनि वास्ता नगर्ने, आफूले आफ्नो विषय पढाए पछि जिम्मेवारी सकिएको भान हुने र विद्यालयका अन्य समस्या र विषय प्रति अपनत्वको भावना विकास हुन नसकेको पाइन्छ । पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमूना अनुसार पाठ्यक्रम सफल कार्यान्वयन गर्न र संगठनका समस्या तथा मुद्दा बारे निश्कर्षमा पुग्न संगठनका सम्पूर्ण सदस्य विच निरन्तर अन्तरक्रिया गर्नुपर्ने र सामुहिक भावनाको विकास गरी सहकार्य मार्फत निश्कर्ष निकाल्नु पर्ने जसले पाठ्यक्रमको सफल कार्यान्वयन हुने धारणा व्यक्त गरेपनि विद्यालय C मा त्यस्तो सामुहिक भावना र संगठन हरेक क्षेत्रमा अपनत्वको भावना विकास भएको पाइदैन । जसले पाठ्यक्रम कार्यान्वयनको प्रभावकारीता वृद्धिमा भए सहयोग गर्नसकेको छैन ।

पाठ्यक्रमको सफल कार्यान्वयन गराउन विद्यालयमा नियुक्त शिक्षकहरुले आफूलाई प्राप्त पदिय जिम्मेवारी प्रति संवेदनशिल रहि कार्य सम्पादन गर्ने भन्दा पनि पदिय हैसियतले रोजगारी पुरा गर्ने तर्फ मात्र केन्द्रित रहेको पाइन्छ । शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकको दक्षता अभिवृद्धि गराउन मा.वि. तहका स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाको विषयशिक्षकलाई TPD तालीममा सहभागी गराए पनि उहाँको कक्षाकार्यमा सो तालीमको कुनै प्रभाव परेको देखिदैन । कक्षा कार्य गर्दा विद्यार्थीलाई सक्रिय गराउनु पर्ने भएपनि उहाले एकप्रकार भन्ने हो भने पाठ्यपुस्तक पढेर विद्यार्थीलाई सुनाएको मात्र हो भन्न सकिने अवस्था रहेको छ । अर्कातर्फ पाठ्यक्रमले तोकेका छलफल, अभिनय, अन्वेषण जस्ता विधि प्रयोग गर्न सहज हुनेगरी कक्षामा पुर्वाधार सुधार तथा व्यवस्थापन गरेको पाइदैन । विद्यार्थीको सिकाई उपलब्धि मूल्याङ्कनको लागी अवलोकन गर्ने,लिखीत परिक्षालिने,परियोजना कार्य तथा घटना अध्ययन गर्नुपर्ने व्यवस्था पाठ्यक्रममा भएपनि विद्यालयमा विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गर्न मुलत प्रथम त्रैमासिक दोस्रो अर्धवाषिक तथा वार्षिक लिखित परिक्षा लिने गरिएको छ भने प्रयोगात्मक कार्यकोलागी परियोजना कार्य दिने तथा त्यस्ता कार्यमा विद्यार्थीको सहभागिता अभिलेख राख्नेगरे पनि अवलोकन,घटना अध्ययन विधि प्रयोग गरिएको छैन तसर्थ पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन चाल्नु पर्ने धेरै

उपाय अवलम्बन गरिएको छैन भने शिक्षकको दक्षता वृद्धि गराउन दिएको तालीमले पनि व्यवहारमा खास सकारात्मक प्रभाव पारेको देखिदैन ।

# परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्ति

माध्यमिक तहको स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न गरीएको यो अध्ययन कार्यवाट उक्त विषयको पाठ्यक्रम कार्यान्वयन वारे निम्न अनुसाकरा जनकारीहरु प्राप्त भएका छन् ।

क विद्यालयमा पाठ्यक्रमको आवश्यकता अनुसारको भौतिक पुर्वाधार तथा शैक्षिक सामग्री अभाव रहेको पाइयो ।

ख पाठ्यक्रमले कुनै निश्चित विषयवस्तु अध्यापन गर्न निश्चित शिक्षण विधि, शैक्षिक सामग्री, तथा भौतिक पुर्वाधारको निर्धारण नगरेको पाइयो ।

ग. स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा वाहेक अन्य विषयमा विशिष्टिकरण गरी शैक्षिक उपाधि प्राप्त शिक्षकले माध्यमिक तहका स्वास्थ्य जनसंख्या तथा वतावरण शिक्षा अध्यापन गर्ने गरेको पाइयो ।

घ विद्यालय A का विषय शिक्षक तालीम अप्राप्त रहेको तथा विद्यालय B र C का विषय शिक्षक तालीम प्राप्त रहेको पाइयो । TPD तालीममा सिकेका कुरा कक्षा कार्यमा अत्यन्त कम प्रयोग गरेको पाइयो ।

ङ. सवै विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको क्रममा पाठ्यपुस्तक लाई नै मुख्य रुपमा प्रयोग गरेको पाइयो ।

च सवै विद्यालयमा प्रवचन, प्रश्नोत्तर विधिलाई नै प्रमुख रुपमा प्रयोग गरेको पाइयो ।

छ. विद्यालय B मा शिक्षणलाई प्रभावकारी वनाउन तथा विभिन्न समस्या समाधान गर्न शिक्षक, शिक्षक तथा शिक्षक प्र.अ. विच निरन्तर अन्तरक्रिया छलफल गर्ने गरेपनि विद्यालय ArC मा त्यस्तो छलफलको सुरुवात सम्म नभएको पाइयो । शिक्षणसिकाइका समस्या समाधान गर्न Action research प्रयोग नगरेको पाइयो ।

ज. छलफल, अभिनय, स्थलगत भ्रमण जस्ता शिक्षण विधि प्रयोग गर्न सवै विद्यालयमा समय तथा भौतिक पुर्वाधार अभाव पाइयो ।

झ शिक्षकले पदिय दायित्व तथा जिम्मेवारी प्रति संवेदनसिल नभई रोजगारी तर्फ केन्द्रित रहेको पाइयो ।

ञ. कक्षाका अधिकांश विद्यार्थी निक्रिय स्रोताको रुपमा रहेको तथा शिक्षकले पनि कक्षाका सम्पुर्ण विद्यार्थीलाई समानरुपमा ध्यान दिएर सिकाइमा सक्रिय वनाउन गरेको प्रयास फितलो रहेको पाइयो ।

ट. सिकाइमा सहयोग पुग्ने विभिन्न अतिरिक्त क्रियाकलाप पाठ्यपुस्तकमा दिइको भए पनि त्यस्ता क्रियाकलाप प्रति विद्यालय A का विषय शिक्षकको ध्यान जान नसकेको पाइयो ।

ठ. यस विषयको २५ पूर्णाङ्कको प्रयोगात्मक कार्य मूल्याङ्कनको लागी विद्यालय B र C मा परियोजना कार्य गराउने त्यसको प्रतिवेदन प्रस्तुत गर्न लगाउने, अभिलेख राख्ने तथा विद्यालय हाताभित्र सरसफाई गराउने जस्ता कार्य गराउने गरे पनि विद्यालय A मा प्रयोगात्मक कार्य गराउने निश्चित तौर तरिका नभएको पाइयो ।

ड. विद्यालय A र C भन्दा विद्यालय B मा विद्यार्थीलाई सक्रिय गराउने प्रयासका साथ गरिएको कक्षा क्रियाकलाप तुलनात्मक रुपमा प्रभावकारी देखीए पनि सन्तुष्ट हुने अवस्था छैन ।

ढ. विद्यालय B मा विद्यार्थी विच विषयवस्तु वारे छलफल गराउने गरेको जसका लागी शिक्षक सहजकर्ताको रुपमा प्रस्तुत भएको पाइयो । भने विद्यालय A र C मा विषयवस्तु वुझाउने भन्दा घोकाउने तर्फ केन्द्रित भएको पाइयो ।

ण. विद्यालय C मा पाठ्यक्रम कार्यान्वयन गर्न पाठ्यपुस्तकको आधारमा गरीएको शिक्षण सिकाइको विषयवस्तु “पारिवारीक जिवन शिक्षाको परिचय” पाठ्यक्रममा नै असम्वन्धित रहेको पाइयो ।

त विद्यालय C मा पाठ योजना वनाइ प्रभावकारी शिक्षण गर्न शिक्षकलाई इनोभेटिव डायरी र पेन प्रदान गरीए पनि त्यसको प्रयोग नभएको पाइयो ।

थ विद्यार्थीको उपलब्धि मूल्याङ्कनका लागी मुख्यत प्रथम त्रैमासिक, दोस्रो अर्धवार्षिक तथा वार्षिक लीखीत परिक्षामा नै भर पर्ने गरेको पाइयो ।

## ५.२ निर्ष्कष

माध्यमिक तहमा स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था वारे तिन वटा विद्यालयमा गरिएको अध्ययन पश्चात निम्नअनुसारको निश्कर्षमा पुगिएको छ ।

पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गरिएका विभिन्न ३ वटा विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अवस्था धेरै हदसम्म समान रहेको छ भने केहि फरक पनि । ति ३ वटै विद्यालयमा पाठ्यक्रम कार्यान्यनको क्रममा पाठ्यपुस्तकलाई नै प्रमुख रुपमा प्रयोग गरिएको छ । सबै विद्यालयमा

प्रवचन प्रश्नोत्तर विधिलाई नै प्राथमिकताका साथ प्रयोग गरिएकोले विद्यार्थी सक्रियता न्यून रहेको छ । कक्षाको सम्पूर्ण विद्यार्थीलाई समान रुपमा ध्यान पुऱ्याउन सकिएको छैन । अध्ययन गरिएका ३ वटै विद्यालयमा दैनिक प्रयोगका बाहेक अन्य शैक्षिक सामाग्री प्रयोग गरिएको छैन । पाठ्यक्रमले निर्धारण गरे अनुरुपका शिक्षण विधि, शैक्षिक सामाग्री प्रयोग गरी तोकिएका क्रियाकलाप गराउन सकिएको छैन । सम्पूर्ण विद्यालयमा रहेका समान प्रकृतीका भौतिक पूर्वाधारले पाठ्यक्रमको वास्तविक मर्म अनुरुपको क्रियाकलाप संचालन गर्न समस्या उत्पन्न हुने देखिन्छ । विद्यालय B र C मा उक्त विषयका विषय शिक्षक तालिम प्राप्त भए पनि विद्यालय A का विषय शिक्षक तालिम अप्राप्त रहनुभएको छ । विद्यालय A र C को भन्दा विद्यालय B को कक्षा कार्य तुलनात्मक रुपमा केहीँ प्रभावकारी देखिएता पनि विद्यालय B र C दुवै विद्यालयका शिक्षकमा तालिमले अपेक्षाकृत प्रभाव पार्न नसकेको आभास हुन्छ ।

स्वास्थ्य, जनसंख्या तथा वातावरण तिन वटै विधामा विशिष्टिकरण गरेको जनशक्ति उपलब्ध नभएको अवस्थामा उल्लेखित तिन विधा मध्ये कुनै एक वा अन्य कुनै विधामा विशिष्टिकरण गरेका जनसशक्तिले यो विषय अध्यापन गर्नुपर्ने अवस्था छ । अर्कातर्फ तालीम अप्राप्त शिक्षकले विद्यालय तहमा अध्यापन गर्न नपाउने व्यवस्था लागु भइसकेको तथा रोजगार वजारमा शिक्षकका निम्ति तालीम प्राप्त जनशक्ति वेरोजगार रहेको वर्तमान सन्दर्भमा विद्यालय A मा तालीम अप्राप्त शिक्षकलाई यो विषय अध्यापन गर्न दिनु तथा अन्य विद्यालयका तालिम प्राप्त शिक्षकले तालिममा सिकेका कुरा कक्षा व्यवहारमा लागु नगर्नु, पाठयोजना वनाउन शिक्षकलाई प्रदान गरीएको इनोभेटिव डायरी, पेनको प्रयोग नगर्नु तथा उल्लेखित कार्यको प्रभावकारीता जाच गर्ने अधिकार प्राप्त निकायले पनि अनुगम निरिक्षण नगर्नुले पाठ्यक्रम कार्यान्वायनलाई प्रभावकारी वनाउन धेरै काम गर्न बाँकी रहेको तथा गरीएका कार्य पनि प्रभावहिन भएको भनि उल्लेख गर्न सकिन्छ । शिक्षण सिकाइलाई प्रभावकारी वनाउने उपायहरु यसको समस्याहरु, समाधानका उपायहरु जस्ता विषयमा अन्य शिक्षक, प्र.अ., सुपरिवेक्षकसँग छलफल नगर्ने, परम्परागत कै भौतिक पुर्वाधारमा पाठ्यपुस्तक मा जे लेखेको छ त्यसैलाई प्रवचन, प्रश्नोत्तर विधि मार्फत कक्षामा विद्यार्थी समक्ष पुऱ्याउने शिक्षकको कार्यले पाठ्यक्रमको वास्तविक मर्म अनुसार कार्यान्वयनको पक्ष फितलो रहेको देखीन्छ ।

### ५.३ सुझाव

माध्यमिक तहमा स्वास्थ्य जनसंख्या तथा वतावरण विषयको पाठ्क्रम कार्यान्वयनको वर्तमान अवस्था अध्ययन पश्चात निम्न कार्यहरु गरेमा पाठ्यक्रम कार्यान्वयनमा वर्तमान अवस्था सुदृढ हुने र पाठ्यक्रम कार्यान्वयनमा प्रभावकारीता वृद्धि भई पाठ्यक्रमको वास्तविक कार्यान्वयन गर्न सहयोग पुग्ने देखिन्छ ।

क. पाठ्यक्रमको निर्माण सङसगै यसको कार्यान्वयनको लागी कस्ता भौतिक पुर्वाधार आवश्यक पर्छन साथै प्रत्येक विषयवस्तु अध्यापन गर्न सम्भाव्य पुर्वाधार शैक्षिक सामग्री विधि तथा क्रियाकलाप पाठ्यक्रममा नै उल्लेख गर्नु पर्छ ।

ख. कक्षाकोठामा डेक्स वेन्चको सट्टा टेवल कुर्सीको व्यवस्था गर्नु उचित हुन्छ यदि डेक्स वेन्च नै राख्ने भए पनि अंग्रेजी अक्षर U आकारमा धुमाएर राख्न सकिन्छ । जसले छलफल जस्ता विधि प्रयोग गर्न सहज हुने देखिन्छ ।

ग स्वास्थ्य जनसंख्या तथा वातावरण तिन वटै विधामा निशिष्टिकरण गरेका तालीम प्राप्त व्यक्तिलाई मात्र यो विषय शिक्षण गर्न नियुक्ति गर्नु उपयूक्त हुन्छ ।

घ शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गरी तालीममा सिकेका कुरा व्यवहारमा लागु गरे नगरेको वारे प्र.अ. तथा वि.नि. ले पटक पटक अनुगमन निरिक्षण गर्ने यदि लागु नगरेमा लागु गर्ने सुझाव दिने र सुभाव वेवास्ता गरे कारवाही सम्म गर्ने ।

ङ शिक्षकको सक्रियता तथा कार्यदक्षताको आधारमा ग्रेड वृद्धि तथा वढुवा गर्ने व्यवस्था गर्ने जसका लागी शिक्षकको सक्रियता तथा कार्यदक्षता मूल्याङ्कन गर्न एक समिति गठन गर्न सकिन्छ ।

च विभिन्न विषयवस्तु प्रभावकारी रुपमा शिक्षण गर्ने उपाय, शिक्षणका क्रममा आएका विभिन्न समस्या समाधानका उपायहरु वारे शिक्षक शिक्षक तथा शिक्षक, प्र.अ. विच निरन्तर छलफल अन्तरक्रिया गर्ने जसले समूह भावनाको कदर गरी उपयुक्त विकल्प चयन गर्न सहयोग पुग्छ ।

छ छलफल, अभिनय तथा स्थलगत भ्रमण जस्ता विधि प्रयोग गर्न कक्षा कार्यको अलावा अतिरिक्त समय विभाजन गर्न आवश्यक छ ।

ज कक्षामा सम्पूर्ण विद्यार्थीलाई सिकाईमा सक्रिय सहभागी गराउनु आवश्यक छ जसका लागी विद्यार्थीको स-सानो समूह वनाएर सामूहिक रुपमा कक्षा कार्य दिन सकिन्छ ।

झ प्रयोगात्मक कार्य गराउन विभिन्न निश्चित तौर तरीका निर्धारण गर्नुपर्छ जसका लागि विषय शिक्षक तथा विद्यालय प्रशासनले सहकार्य गर्न सकिन्छ ।

ञ पाठ्यक्रम कार्यान्वयन गर्न पाठ्यपुस्तकलाई मात्र प्रयोग गर्नु भन्दा पाठ्यक्रम, शिक्षक निर्देशिका तथा अन्य सहयोगी पुस्तक पनि प्रयोग गर्नु उपयुक्त हुन्छ । शिक्षक निर्देशिका लगायत अन्य सहयोगी सामग्री सरकारी लगानीमा पाठ्यक्रम विकास केन्द्रले नै प्रकाशन गरी उपलब्ध गराउनु उचित हुन्छ ।

ट. विद्यार्थी मूल्याङ्कन गर्न लिखित परिक्षामा मात्र भर पर्नु भन्दा निरन्तर मुल्याङ्कन गरी Letter grading गर्नु उपयूक्त देखीन्छ ।

ठ. विद्यालय मित्रका विभिन्न समस्या तथा मुद्धा सम्वोधन गर्न Action Research प्रयोग गर्नु उपयुक्त हुन्छ ।

ड पाठ्यपुस्तकमा समावेश गरीएको अतिरिक्त क्रियाकलाप विद्यार्थीलाई गराउनु पर्छ जसले पाठ्यक्रम कै विभिन्न विषयवस्तुको वुझाइमा सहयोग गर्दछ ।

## सन्दर्भ सूचि


आचार्य, सुमन(२०६४), *नेपालमा पाठ्यक्रम निर्माण तथा कार्यान्वियन,* अप्रकाशित शोध ,त्रिभुवन विश्वविद्यालय,काठमाडौं।

ऐर, सुरेन्द्र सिंह (२०६७), *सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वियनको अवस्था,* अप्रकाशित शोध, त्रिभुवन विश्वविद्यालय ।

कोइराला, विद्यानाथ (२०६६, माघ), राष्ट्र र राज्यको लडाई : विद्यार्थीलाई चाहि के पढाउने, *शिक्षक*।

कोइराला, विद्यानाथ (२०६७, चैत्र), संघिय नेपाललाई सोचान्तरणको शिक्षा, *शिक्षक*।

खनाल, श्रीप्रसाद (२०६६), *कार्यक्रम मूल्याङ्कन* (चौथो संस्करण), काठमाडौं : जुपिटर पब्लिसर्स एण्ड डिष्टिङव्युटर्स ।

जोशी, महेशराज (२०६८), *कक्षा १० को सामाजिक अध्ययन विषयको पाठ्यक्रम कार्यान्वियनको अवस्था,* अप्रकाशित प्रतिवेदन, त्रिभुवन विश्वविद्यालय ।

निउरे, ध्रुवप्रसाद (२०६८), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौं : सनलाइट  पब्लिकेशन ।

पाण्डे, पार्वती (२०६८), *"माध्यमिक तहमा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा अध्ययनले विद्यार्थीको व्यवहारमा पारेका प्रभाव"* अप्रकाशित शोध, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र(२०६४), *स्वास्थ्य, जनसख्या तथा वातावरण शिक्षा कक्षा ९,* परीमार्जित सस्करण, नेपाल सरकार शिक्षामन्त्रालय पाठयक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र(२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम भाग १,* नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र(२०६८), *शिक्षा पत्रिका,* सानोठिमि भक्तपुर ।

बिष्ट, प्रेमसिंह (२०६०), *जनसंख्या शिक्षाको आधार,* काठमाडौं : भुँडिपुराण  प्रकाशन ।

भट्ट, टिकेन्द्र प्रसाद (२०६७), *पाठ्यक्रम सिद्धान्त,* काठमाडौं : हेरीटेज पब्लीसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. ।

भट्टराई, नवराज (२०६० चैत्र), दिवास्वप्नले देखेको सपना, *शिक्षक*।

भण्डारी, उर्मिला(२०६५), *निःशुल्क प्राथमिक शिक्षा कार्यान्वियनको आस्था,* अप्रकाशित शोध त्रिभुवन विश्वविद्यालय, काठमाडौ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३), काठमाडौं : मकालु पब्लिकेशन ।

वन्जरा, लोकेन्द्र(२०६८), *सामुदायिक र सस्थागत विद्यालयमा सञ्चालित पुर्वप्राथमिक तहको पाठ्यक्रम कार्यान्वियनको अवस्था,* अप्रकाशित शोध त्रिभुवन विश्वविद्यालय, काठमाडौ ।

वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ (२०५५), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : श्रृङखला अपसेट प्रेस ।

श्रेष्ठ, प्रकाशमान (२०६४), *नेपालमा पाठ्यक्रम निर्माण तथा कार्यान्वियन,* काठमाडौं : भुँडिपुराण प्रकाशन ।

शर्मा, गोपिनाथ (२०६०), *नेपालमा शिक्षाका इतिहास* (भाग १ र २), काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनरी

शर्मा, गोपिनाथ (२०६६), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु (तेस्रो संस्करण),* काठमाडौं : मकालु प्रकाशन गृह ।

शर्मा एण्ड शर्मा (२०६५), *शैक्षिक सुपरिवेक्षण,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

ज्ञवाली, दामोदर (२०६७), *जनसंख्या शिक्षा सिद्धान्त र दर्शन,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

American Psychological Association (2009). *Publication Manual* (6th ed.). Washington DC: Author

CERID (1982), *School Level Curriculum*: Historical Perspective, Kathmandu: Research Center for Educational Innovation and Development.

CERID (2007), *Teacher Education: Language Curriculum*, Kathmandu: Research Center for Educational Innovation and Development.

Ornstein, AC and Hunkins, FP (2004), *Curriculum: Foundations, Principles and issues (4th ed.).* New York: Pearson education Inc.

Ranjitkar, Kiran Ram (2010), *Curriculum Theory*, Kathmandu: Quest Publication.

## अनुसूचि १

कक्षा अवलोकन फारम

मिति २०  /    /

शिक्षकको नाम थर ....................................

कक्षा  ९

विषय : स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा

पाठशिर्षक ...............................

समय ....................

विद्यालय ........................

१ कक्षा व्यवस्थापन.............................

२ पाठको सुरुवात................................

३ पाठ र पाठ्यक्रम विचको सम्वन्ध........................

४ शिक्षणसिकाइ क्रियाकलाप ..................................

५ विद्यार्थी सक्रियता ..........................................

५.१ विद्यार्थी सक्रियता .........................

५.२ शिक्षकको भूमिका.................

५.३ विद्यार्थीको समस्या समाधान..................

५.४ शिक्षण विधिको प्रयोग .............................

६ शैक्षिक सामग्रीको प्रयोग ........................

७ चकवोर्डको प्रयोग .......................

८ विद्यार्थीको सिकाइ प्रतिको चासो ............................

९ विद्यार्थी अनुशासन .................................

१० कक्षा अन्त्य

पाठको संक्षेपिकरण ................

पाठको मूल्याङ्कन .............

गृहकार्य...................

## अनुसूचि २

विषयशिक्षक सँग लिएको असंरचित अन्तरवार्ता निर्देशिका

मितिः २० / /

शिक्षकको नाम थर ........................

शैक्षिक योग्यता .......................

शिक्षण अनुभव.............................

१ स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको जानकारी ..............................

२ शिक्षण गर्न पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकको प्रयोग .......................

३ पाठ्यक्रमले तोकेका विधि क्रियाकलापको सञ्चालन ...............................

४ शिक्षकका पेशागत समस्या......................

५ समस्या समाधान गर्न वा शिक्षण प्रभावकारी वनाउन गरिने सामूहिक प्रयास...................

६ समस्या समाधानमा प्र.अ र अन्य शिक्षकको सक्रियता .......................

७ पेशागत दक्षता वृद्धि हुने तालिम, पुर्नताजकिकरण तालिम.........................

८ तालिममा सिकेका कुराको कक्षामा प्रयोग ............................

९ विद्यार्थी क्रियाकलाप (field work,project work………….)………….

१० शिक्षण सिकाइलाइ प्रभावकारी वनाउन आइपरेका समस्या.......................

११ समस्या समाधानका उपायहरु .................................

## अनुसूचि ३

प्र.अ सँग लिइएको असंरचित अन्तरवार्ता निर्देशिका

मितिः २०  /  /

प्र.अ को नाम थर .....................

शैक्षिक योग्यता .........................

शिक्षण अनुभव.......................

१ स्वास्थ्य,जनसंख्या तथा वातावरण शिक्षा वारेको जानकारी .........................

२ शिक्षकको पेशागत दक्षता वृद्धि गराउन गरेको काम .................................

३ शिक्षकले तालिममा सिकेका कुरा कक्षामा प्रयोग गरे नगरेको अनुगमन निरिक्षण ..................

४ शिक्षकले शिक्षणसिकाइ वारे कुनै समस्या राख्ने नराख्ने........................

५ समस्या समाधानमा प्र.अ. को भूमिका........................

६ Action research को प्रयोग ......................

७ समस्याको सामूहिक प्रयास वाट समाधान ...........................

८ भौतिक पुर्वाधार सुधार...............................

## अनुसूचि ४

विद्यालय सर्वेक्षण फारम

मिति .....................

विद्यालयको नाम..........................

१ हावा प्रकाशको राम्रो प्रवन्ध भएको कक्षाकोठा , white board.............

२ पुस्तकालयमा स्वास्थ्य,जनसंख्या तथा वातावरण विषयको लागि छुटै ऱ्याक सन्धर्व सामग्री तथा सहयोगी पुस्तक हरु............

३ अभिनय विधि अपनाउन कक्षामा पऱ्याप्त खुल्ला ठाउ..........

४ Round tabie कुर्शी..........

५ स्थलगत भ्रमण तथा परीयोजना कार्यको लागि अतिरिक्त समय विभाजन.............

६ कम्प्यूटर, इन्टरनेट, प्रोजेक्टर सहितको प्रर्दशन कक्ष .............

७ फिल्टर, पियूस ,पानी उमाल्ने भाडो,इन्धन आदि............

८शौचालय, धारो,फोहोर संकलन गर्ने कन्टेनर..........

९ करेसावारी वगैचा ............

१० प्राथमिक उपचार कक्ष र आवश्यक उपकरण ............

११ चित्र, पम्प्लेट, व्रोसर, केन्द्रिय तथ्याङ्कविभाग जस्ता निकाय द्धारा प्रकाशित प्रतिवेदन.............

१२ स्वस्थ्य, जनसंख्या तथा वातावरण तिन वटै विधामा विशिष्टिकरण गरेका शिक्षक.